
बौद्ध मासिक

# धर्म चक्षु

वर्ष-११, अंक-६ पूर्णाङ्कः ६२, वैशाख २०६६, बुद्ध संवत् २५५३, ने.सं.: ११२९ May 2009



# DHARMA CHAKSHU

मूल्य रु. २०

Wondershare PDFelement

बौद्ध मासिक

*Buddhist Monthly*

# Dharma Chakshu

# धर्मचक्षु

Dharmashila Buddha Bihar
Pokhara, Nepal

धर्मशीलाबुद्ध बिहार
धर्मशीला मार्ग, नदीपुर , पोखरा
फोन नं. ०६१-५२०५१७

वर्ष ११ अंक ६ पूर्णाङ्क ६२ वैशाख २०६६ बुद्ध संवत् २५५३ नेसं ११२९ May 2009

प्रधान सम्पादक
भिक्षु श्रद्धानन्द

प्रकाशक
ज्ञानमाला संघ

व्यवस्थापक
अनागारिका कर्मशीला

सह व्यवस्थापक
युवा बौद्धसंघ
(विकासरत्न शाक्य, बलराम लामा चेतन सिंह ताङवे)

काठमाण्डौ प्रतिनिधि
सविता धाख्वा शाक्य

सहयोगीहरु
यामकुमारी गुरुङ
बलबहादुर अधिकारी
सनकमान सिके

सम्पर्क कार्यालय
सम्पादक
तिलकमान गुभाजू
१४४ नयाँबजार, पोखरा-८
फोन: ५२०२४६

मुद्रण
हिमालय अफसेट प्रेस
नयाँबजार, पोन: ५२०६५९

## विषय सूची


| | | |
|---|---|---|
| सम्पादकीय.......... | | २ |
| दु:ख र शान्तिको चाहना | विश्व शाक्य | ३ |
| विपश्यना ध्यानमा बस्दा | डा. विश्वबन्धु शर्मा | ७ |
| दिगो शान्ति हाम्रो अभिलाषा | भूपनिधि पन्त | १० |
| आर्नोल्ड, शोपेनहावर र.... | तिलक पराजुली | १२ |
| बुद्धधर्मको सम्बर्द्धन........ | डा. दिलबहादुर क्षेत्री | १४ |
| नयाँ नेपालको संविधानमा....... | तिलकमान गुभाजू | १७ |
| शान्ति स्तम्भ.............. | | २१ |
| घोषणा पत्र.......... | | २३ |
| प्रतिवेदन..................... | | २५ |
| आर्थिक प्रतिवेदन..................... | | २७ |
| समाचार | | |


प्रायोजन:

धर्म चक्षुको यो अंक "दिगो शान्तिका लागि बौद्ध प्रयास" विषयक पश्चिमाञ्चल क्षेत्र स्तरीय गोष्ठीद्वारा प्रायोजन गरिएको हो ।

# शान्ति सन्देश प्रवाहित गर्नु आवश्यक

१. जति हत्या, हिंसा लगायतका अपराधजन्य घट्ना घट्छन्, उति मानिसले शान्तिको खाँचो र आवश्यकता महशूस गर्दछन् । शान्तिको खोजीमा नेताहरुले आपसमा समझदारी सहमति गर्दछन र शान्ति संझौता पनि गर्दछन् । मानौ, शान्ति उनीहरुको गोजीमा छ र उनीहरुले हस्ताक्षर गरेपछि सबै ठीक हुन्छन् । अरुहरु पनि त्यसैमा आशा लगाएर हेर्दछन । समय बित्दै जाँदा विस्तारै फेरि अपराध जन्य त्यस्ता घटनाहरु दोहोरिन्छ र बढ्दै जान्छन । स्थिति फेरि उस्तै तनावपूर्ण र नियन्त्रण देखि बाहिर हुन्छ । सर्वसाधारण हैरान हुन्छन । देशका पथ प्रदर्शक बुद्धिजीवीहरु एवं नीति निर्माताहरु किंकर्तव्य विमूख हुन्छन । जताततै अन्यौल र अनिश्चयको साम्राज्य फैलिन्छ । अहिले हाम्रो देश यही अवस्थाबाट गुज्रिरहेको छ ।

२. शान्ति नाराबाट आउदैन, भाषणबाट हुदैन । नेताहरुको त्यो हस्ताक्षर युक्त संझौताबाट पनि हुदैन भन्ने कुरा अनुभवले देखाइसकेको छ । तैपनि मानिसहरु त्यसैको आशापासमा बाँधिएर उतै टुलुटुलु हेरिरहेका छन् । अहिले यस्तो स्थिति छ कि नत नेताहरु, पथप्रदर्शक बुद्धिजीवीहरु कतै आफूहरुले ठीक बाटो चयन गरिएनछ कि भनेर पछाडि फर्की पुनर्मूल्याङ्कन गर्ने पक्षमा छन्, नकि अन्य कुनै पक्षले शान्तिको सही बाटो यहा छ, यही हो भनेर ठूलो स्वरले कराएर उनीहरुले सुन्ने बुझ्ने गरी भन्न सकेका छन ।

३. शान्तिको अनुभव र अनुभूत गर्ने निश्चय नै एक पक्ष छ । एक कुनामा छ । उनीहरु ज्यादै सानो र साँघुरो घेरामा सीमित छन, त्यो घेराबाट बाहिर आएर शान्ति सन्देश प्रवाहित गर्न तिर उनीहरुको ठूलो प्रयास भएको देखिदैन । एकातिर शान्तिका लागि काकाकूल भैरहेका छन भने अर्कोतिर हामीलाई त शान्ति छ क्यारे भनेर उनीहरु एक छेउमा बसिरहनेहरु छन । छिमेकीको घर आगोलागी भएको र अशान्तिले कोलाहल मच्चिएको बेलामा आफूहरु मात्रै शान्तिको माला जपेर कति रहन सक्छन् र ? यो सोचनीय कुरा छ । जस्तो गाउ शहरहरुमा रोगले महामारीका रुप लिदा डाक्टर नर्सहरु रोग फैलिएको स्थलमा पुगी रोगीको सेवा सुश्रुषा गर्दछन, त्यस्तै शान्तिका शिक्षा पाएका र शान्तिअनुभूत गरेकाहरुले पनि आफ्नो सीमित घेरादेखि बाहिर पुगेर शान्तिको सन्देश फैलाउन, शिक्षा दीक्षा दिएर समाजबाट हत्या, हिंसा, अपहरण जस्ता महामारी हटाउनु अहिलेको आवश्यकता हो ।

४. कुरा असलमा, बौद्ध ग्रन्थमा शान्तिको सन्देश छ । मैत्री, करुणा र अहिंसाको मार्ग गमन गरेमा शान्तिप्राप्त हुने उल्लेख छ । शील, समधि र प्रज्ञाको अभ्यास गर्नेले शान्ति प्राप्त गरेको दावी गरेका छन । त्यस्तै अनुभव र अनुभूत गर्नेहरुले भगवान बुद्धलाई शान्ति नायक, शान्तिका अग्रदूत भनेका छन । तर शान्ति नायक जन्मेकै देश जसलाई बुद्धको देश, बौद्ध देश भनिन्छ र उनको नामबाट विश्वमा नेपाल र नेपालीको पहिचान र परिचय भएको छ मा उनको त्यत्ति सोधखोज भएको छैन र उनको शान्तिलेयुक्त भएको शिक्षा, सिद्धान्त दर्शनलाई राष्ट्रिय स्तरमा आत्मसात गरिएको छैन । यसै भएर हो कि बत्ती मुनि अध्यारो झैं भएर नेपाल रहनु परेको छ ।

५. हत्या, हिंसा, अपहरण कार्य मानिसको स्वभाव होइन । यस्तो आपराधिक कार्य मानिसले लोभ, मोह, अहंकार र क्रोधका कारण गर्ने गर्दछन । कहिंकतै केही पाउनका लागि पनि यस्तो घटना हुने गरेका छन । समयको विकास संगै राजनीतिक अभीष्टताका लागि पनि हत्या, हिंसाको मार्ग अवलम्बन गर्ने गरियो । राजनीतिक क्षेत्रमा यो मार्गले जरा गाडेपछि केही मानिसको यो स्वभाव पनि भयो, प्रवृत्ति भयो र पेशा पनि हुन थाल्यो । राजनीतको आडमा यस्तो आपराधिक कार्य क्षम्य हुन थाल्यो । जस्को परिणाम शान्तिको स्वर सुक्दै गयो, सानो हुदै गयो । अब समयले फेरि कोल्टे फेरेको छ । हत्या, हिंसा, अपहरण र आतङ्कको मार्ग स्थायी हुन सक्दैन र त्यो स्थायी समाधानको माध्यम पनि हुन सक्दैन । त्यो मार्गमा दशौं वर्ष हिडेकाहरुले पनि शान्तिको नाम लिन थालेका छन । शान्ति नायक भगवान बुद्धलाई संझन थालेका छन । यस्तो स्थितिमा बौद्ध अनुयायीहरु संगठित भएर अलि अगाडि बढेर बौद्ध ग्रन्थमा विद्यमान शान्ति सन्देश देखाउनु, त्यसलाई अपनाउन लगाउनु र प्रेरित गर्नु तथा देशमा दिगोशान्ति स्थापनामा योगदान पुऱ्याउनु ज्यादै आवश्यक छ । यो २५५३ औं बुद्धजयन्तीले यही सामयिक सत्कार्यमा लाग्न सबैलाई प्रेरित गरोस्, यही हाम्रो शुभकामना छ ।



Wondershare PDFelement

# दुःख र शान्तिप्रतिको चाहना

- विश्व शाक्य, पोखरा ।

हामी (तिलकमान गुभाजु र पंक्तिकार) सागर घाट (मलामी) फर्कदै थियौं । तिलकदाइले आगामी पुस ११, १२ गते नेपालको वर्तमान राजनैतिक परिवेशमा सम्विधान सभामा वौद्धहरूले खेल्नुपर्ने भूमिका र 'नेपालमा दिगो शान्तिका लागि बौद्ध प्रयास' विषयक पश्चिमाञ्चल क्षेत्र स्तरीय गोष्ठीको आयोजना गर्न लागिएको कुरा उप्काउनु भयो। यसै सन्दर्भमा कार्यपत्रहरू समेटेर एउटा स्मारिका पनि निकाल्ने जमर्को भैरहेको र त्यसका लागि बुद्ध शिक्षामा आधारित शान्तिवारे एउटा आलेख तयार गरिदिन आग्रह भयो । उहाँको आग्रहमा कोसिस गरुँला भन्ने भयो। बीचमा पुनः एक पटक उहाँले स्मरण गराउनु भयो। यसपछि लाग्यो- यसबारे मैले कलम समाउनै पर्ने भयो ।

लेख्ने त लेख्ने अब के लेख्ने ? ४५ वर्ष सम्म भगवान् गौतम वुद्धले दुःखमा अल्भिएका मान्छेहरूलाई दुःख विमुक्तिको ज्ञान सिकाउनु भयो । दुःख विमुक्तिको धर्म सिकाउनु भयो। (यहाँ 'धर्म'को अर्थ हिन्दू, बौद्ध, ईसाई मुस्लिम, जैन आदि भनिने धर्म होइनन् ।) भगवान् गौतम बुद्धको समयकालमा प्रकृतिको शाश्वत नियमलाई 'धर्म' भनिन्थ्यो र भगवान् गौतम बुद्धले पनि प्रकृतिको त्यही शाश्वत नियमलाई धर्मको रुपमा अभिव्यक्त गर्ने गर्न भएको पाइन्छ । त्यही अभिव्यक्तिको अधिन रही यस आलेखमा 'धर्म' शब्द प्रयोग गरिएको छ।) उहाँले सिकाउनु भएको धर्मको, शिक्षाको मूल उद्देश्य नै दुःख विमुक्ति र शान्ति प्राप्ती थियो । त्यसैले भगवान् गौतम बुद्धलाई 'शान्तिका अग्रदूत' भनिएको हो ।

यहाँसम्म त आइपुगियो । अब समस्याको चवुर । आउँछ भगवान् गौतम बुद्धले शान्तिकै लागि भनेर ४५/४५ वर्षसम्म दिन रात नभनेर धर्म बाँड्नु भयो। ती सारा धर्म ८४ हजार स्कन्धमा सङ्कलित गरिएका छन्। अब ती मध्य कुन अंश निकालेर यहाँ चर्चा गर्नें ? समस्या त पऱ्यो नै। तथापि भगवान् गौतम वुद्धको शिक्षा मुलभूत रुपमा दुःख, अनित्य, अनात्ममा आधारित भएको हुँदा मैले यतिखेर दुःखबाटै कुराको उठान गरेर शान्तिलाई प्रष्ट्याउने कोसिस गर्ने जमर्को गरेको छु । वास्तवमा दुःख रहुन्जेल शान्ति हुने कुरा पनि भएन । दुःखलाई नवुभिन्जेल शान्ति प्राप्त गर्ने मेसो पनि हुने भएन । त्यही भएर भगवान् गौतम बुद्धको शिक्षाको जरो 'दुःख'लाई नै समाएर अगिबढ्ने कोसिस यतिखेर गरेको छु ।

अगिनै भनियो भगवान् गौतम वुद्धको मुल धर्म-दर्शन भनेको 'दुःख, अनित्य, अनात्म' भनेर । अव बुझौं भगवान् गौतम वुद्धले 'दुःख'वारे के भन्नु भएको छ ? भगवान् भन्नुहुन्छ-

"जाति पि दुक्खा, जरा पि दुक्खा, मरणं पि दुक्खं, सोक परिदेव दुक्ख, दोमनस्सु पाया सापि दुक्खा, अप्पियो हि सम्पयोगो पि दुक्खो, पिये हि दुक्ख योगो पि दुक्खो, यम्पिच्छं न लभति तं पि दुक्ख, सङ्खितेन पञ्चुपादानक्खन्धा दुक्खा ।"- दीघ निकाय

(जन्म दुःख हो; रोगी हुनुदुःख हो; मरन दुःख हो; शोक सन्ताप दुःख हा; अप्रीयसँगको संसर्ग दुःख हा; प्रियजनको बिछोड दुःख हा; आफूले चिताएको कुराको अप्राप्ती दुःख हो; सङछिप्तरुपमा भन्नुपर्दा "पञ्चउपादान स्कन्ध' दुःख हुन् । )

यसरी भगवान् गौतम बुद्धले दुःखका लोकीय वर्णन गर्दैगर्दै आध्यात्मको अन्तरतहसम्म पुऱ्याएर 'दुःख' यही हो भनेर टुङ्ग्याउनु भएको छ। "सङछिप्तमा भन्नुपर्दा पञ्चउपादान स्कन्ध नै दुःख हुन्।" भनेर बुद्धले भन्नुभएको ती पाँच उपादान(सङ्ग्रहित) स्कन्ध के हुन ? यो नबुभि दुःखलाई वुभ्न सकिन्न । दुःखलाई नबुभेसम्म त्यसवाट छुट्कारा पाउने उपाए हामी पत्ता लगाउन सक्तैनौं । जवसम्म हामी दुःखलाई वुभ्दैनौं र ती दुःखवाट विमुक्त हुने उपाए पत्ता लगाउँदै नौं हाम्रो सुख र शान्ति प्रतिको चाहना, मात्र चाहना(तृष्णा)मा सीमित रहने हुन्छ र अन्तत्व गत्वा यही चाहनाले फेरि जानी-नजानी दुःखै निम्त्याई र हने हुन्छ, त्यसैले सुख र शान्तिको चाहना गर्ने ले दुःखलाई बुभ्नु अतिसारो जरुरी छ ।

भगवान् गौतम वुद्धले भन्नुभयो- जन्मनु, मर्नु, र गी हुनु, आफुले इच्छाएको वस्तु अप्राप्ती हुनु, प्रियजनसँगको विछोड, अप्रीयजनसँगको संसर्ग सवै लौकिक दुःख हुन् । वाहिरवाहिर अनुभूति गरिने दुःख मात्र हुन् । हामीलाई जानी-नजानी भित्रैवाट प्रकृतिवत रुपमा दुःखमा ढकेली र हने 'पञ्चउपादान स्कन्ध' हुन् जसले हामीलाई दुःखको खाडलमा ढकेली रहने हुन्छ, ढकेली रहने हुन्छ जन्म-जन्मान्तरसम्म । जवसम्म हामी यसको 'अनित्य'

स्वभावलाई बुझ्दैनौ तवसम्म यी पञ्चस्कन्धले आफ्ना स्वभावगत काम गरिरहेकै हुन्छ, गरिरहेकै हुन्छन् । हामीले बौद्धिक रुपमा वा बाह्य चिन्तनले जतिसुकै 'शान्ति शान्ति' भने पनि भित्री चित्तले अशान्ति कै खेल खेलिरहेको हुन्छ । त्यसैले भगवान् गौतम बुद्धले यही हाम्रो बौद्धिक र वाह्य चिन्तनबाट अप्रभावित 'भित्री चेतना' जो आफ्नै स्वभाविक गतिमा चलिरहन्छ, तिनै धर्म स्वभावलाई बुझेर 'अनात्म' अर्थात 'आफ्नो अधिन नरहेको' भन्नुभएको हो । भगवान् गौतम बुद्धको धर्म-दर्शनको मुलभूत आधार 'दुःख, अनित्य, अनात्म' ज्ञान यसैमा आधारित रहेको हामी अनुभव, अनुभूति गर्न सक्छौं ।

अब कुरा गरौं 'पञ्चउपादान स्कन्ध' भनेको के हो ? 'नाम-रुप, वेदना, संज्ञा, संस्कार र विञाण (विज्ञान)' लाई पञ्च उपादान स्कन्ध भनेर भगवान् गौतम बुद्धले भन्नु भएको छ । आजभोलिका वैज्ञानिकहरूले आफूले वनाएका मेशिनको सहयोगमा भौतिक तत्वलाई अणु, पर माणु र न्युट्रोन, प्रोटोनजस्ता शुक्ष्मातिशुक्ष्म अंशमा विभाजित गरेर अध्ययन गरेजस्तै भगवान् गौतम बुद्धले कुनै वैज्ञानिक मेशिनको सहयोग विना आफ्नै शरीरमा घटित घट्ना र चित्तको स्वभावलाई हेरेर चित्त स्वभाव र शरीरका पर माणुहरूलाई यत्ति शुक्ष्म अंशसम्म विभाजन गर्दै, विभाजन गर्दै हेर्दै जानुभयो कि अन्तमा यो अवस्था सम्म आइपुग्नु भयो कि चित्त र शरीरलाई अब यो भन्दा विखण्डन गर्न सकिन्न र यो अन्तिम अवस्था भनेको यिनै पञ्चउपादान स्कन्ध- 'रुप-वेदना, संज्ञा, संस्कार,, विाँण' नै हुन् । चित्त र शरीरको त्यो शुक्ष्मतम् अंशलाई भगवान् गौतम बुद्धले 'कलाप' नाम दिनु भएको छ । यी कलापहरू यति शिध्र गतिमा उदय(उत्पत्ति) व्यय(विनाश, नष्ट) हुन्छन् कि १ अङ्कको अगाडि २२ वटा थोप्लो राख्दाको गति जत्ति सिघ्र हुन्छ त्यत्तिकै गतिमा यी कलापहरू उत्पत्ति र विनाश भैर हने हुन्छन् । भनिन्छ- हामीले एकपटक चुट्की बजाउँदाको क्षण लाखौं कलाप उत्पत्ति-विनाश भैसकेका हुन्छन् ।

हाम्रो जीवन-चक्र, या भनौं दुःख-चक्र या भनौं भव-चक्र चलाउने तिनै पञ्चउपादन स्कन्ध- नाम-रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान' हुन् । पञ्चउपादन स्कन्ध हाम्रो जीवनको शुभारम्भदेखि अन्तसम्म आफ्नै गतिमा एकछत्र गतिमान/चलायमान भैरहन्छ । अब बुझौं यसले काम कसरी गर्छ ? सबै भन्दा पहिला बुझ्नुपर्ने कुरा के हुन्छ भने हाम्रो चित्त (मन, चेतना) र भौतिक शरीरको नङ-मासुको जस्तै सम्बन्ध रहन्छ । शरीरले गर्ने वा शरीरमा हुने कुनै पनि विषयको प्रभाव चित्त(मन)मा पर्ने हुन्छ, मन(चित्त)मा हुने कुनै पनि विषयको प्रभाव शरीर मा पर्ने हुन्छ । शरीर र मन (चित्त) मा पर्ने त्यही प्रभावलाई उवेलाको भाषामा 'वेदना' भनियो । आजभोलिको भाषामा 'वेदना' भन्दा पीडा भन्ने जनाउँछ । उवेला चित्त र शरीरमा हुने कुनै पनि तरङ्गलाई वा भनौं संवेदनालाई 'वेदना' भनिन्थ्यो । यही वेदनाको (शरीर र मन (चित्त) मा पर्ने विषय। प्रभावलाई अनुभूति गरेर, थाहा पाएर नै दुःखबाट विमुक्त हुन सक्ने ज्ञान भगवान् गौतम बुद्धले आफ्नै साधना बलबाट प्राप्त गर्नभयो । यसैको अभ्यासबाट निर्वाण प्राप्त गर्नभयो । विकार मुक्त हुनुभयो । शुद्ध हुनुभयो । बुद्ध हुनुभयो । बुद्धत्व प्राप्तीपछि निरन्तर उहाँले यही ज्ञान मान्छेमा बाँड्दै हिँड्नु भयो । आफ्नो जीवन कालमै लाखौं करोडौं मान्छेलाई दुःखबाट विमुक्त गराउनु भयो । शान्तिमा स्थापित गराउनु भयो ।

दुःखका मूल कारण 'पञ्चउपादान स्कन्ध- नाम-रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान' यी पाँच तत्व एक आपसमा यसरी जोडिएका हुन्छन कि यिनलाई छुट्याउने सकिन्न । एउटाको उत्पत्तिसँगै अर्कोको पनि उत्पत्ति र एउटाको विलयसँगै अर्कोको पनि विलय समाहित हुन्छ । यिनिहरु बीचको उत्पत्ति र विलयको समयान्तर निकाल्नै सकिन्न । एक कलाप (समयको सर्वाधिक त्यो शुक्ष्म अंश)मा पञ्चउपादान स्कन्ध भित्रको उत्पत्ति अवस्था विाँण(विज्ञान)को उत्पत्ति हुन्छ । विज्ञान(उत्पत्ति अवस्था) उत्पत्ति हुनासाथ संज्ञा सँगसँगै उत्पत्ति हुन्छ । संज्ञाले पूर्वकर्म को पहिचान गराउँछ । उसले पूर्वकर्मको पहिचान गराउने मात्र होइन आफ्नो अनुकूल प्रतिकूल के हो तत्काल त्यसको प्रतिकृया पनि जनाउँछ । जस्तो कुनै आवाज कानमा ठोकिन्छ । विज्ञानले केही भएको ठोक्किएको संकेत गर्छ यत्तिखेरै संज्ञाले यो 'आवाज हो' भनेर आवाजको पहिचान गराएरमात्र नपुगि त्यो आवाज के को आवाज हो ? आफूलाई मनपर्ने अथवा मन नपर्ने कस्तो आवाज हो सो को पनि प्रतिकृया गरिदिन्छ । संज्ञाले ती प्रतिकृया गर्ने स्वभाव हामीले संस्कारित गरेर थुपारेका संस्कारहरूकै आधारमा गर्ने गर्दछ । यसरी 'संज्ञा' ले प्रतिकृया दिने बित्तिकै चित्त (मन) र शरीरमा एक किसिमको तरङ्ग पैदा हुन्छ । यसै तरङ्गलाई 'वेदना(संवेदना)' भनियो । जब शरीर र चित्तमा तरङ्ग पैदा हुन्छ, ती तरङ्ग(संवेदना) प्रियकर भए मन प्रशन्न हुन्छ र यस्तो सुखद् क्षण भैरहे हुन्थ्यो भन्ने चाहना (तृष्णा) जागृत हुन्छ । ती तरङ्ग(संवेदना) अप्रिय वा पीडादायी भए हामीलाई मनपर्दैन र 'यस्तो नभइदिए हुन्थ्यो' भन्ने चाहना (तृष्णा) स्वभावैले जाग्रत

हुन्छ । यही तृष्णा(चाहना)ले 'भैरहे हुन्थ्यो' भन्ने 'राग' र नभैदिए हुन्थ्यो भन्ने 'द्वेष' भाव हरक्षण-हरपल बनाइरहने हुन्छ । यही राग-द्वेष (चाहियो, चाहिएन)लाई हामीले यसको अनित्य र अनात्म स्वभावलाई बुझ्न नसकी यसैलाई नित्य र ध्रुवसत्य सम्झेर संस्कारित गरिरहेका हुन्छौं । यही संस्कारित गर्ने प्रवृत्तिले हामीलाई दु:ख चक्रमा वा भनौं भवचक्रमा हल्केली रहने हुन्छ । यसरी दु:खको सिलसिला हामी आफैं निर्माण गरिरहेका हुन्छौं । बाहिरी रुपमा हामी भन्छौं- 'हामी सुखका लागि, शान्तिका लागि यी सबै गरि रहेका छौं तर हामी यो बुझ्न सकिरहेका हुँदैनौं कि हामी अन्तरमनको चाहना (भैदिए हुन्थ्यो- राग, नभैदिए हुन्थ्यो-द्वेष) को वशिभूत भएर या भनौं तृष्णाको वशिभूत भएर यी सबै गरिरहेका छौं । कुनै विषय वस्तुमा जब हामी बढी चाहना राख्छौं त्यसको अप्राप्तिमा हामीमा त्यतिकै द्वेष-दुषित(क्रोधित) हुन्छौं । जब हामीमा क्रोध बढ्छ, मन द्वेष-दुषित हुन्छ त्यसबाट सबैभन्दा बढी प्रभावित हामी आफै भइन्छ किन भने क्रोध जाग्ने बित्तिकै मन बेचैन हुन्छ । शरीरमा पीडा उत्पन्न हुनथाल्छ । त्यही कारण भगवान् गौतम बुद्धले 'तृष्णा'लाई दु:खको कारण भन्नुभएको हो । मान्छेले आफूमा अनीष्ट नहोस् भनेर अनेक तृष्णा राख्दछ, जब यी तृष्णा पूरा हुँदैनन् तब मान्छेमा ईर्षा र द्वेषभाव जन्मन्छ । यहीनै दु:खको कारण बन्न जान्छ । आफ्नो मात्र होइन समाजकै लागि अशान्तिको कारण बन्न जान्छ ।

अब यहाँनेर हामीले अनुभूतिगत रुपमा बुझ्नुपर्ने कुरा के आयो भने- जब हामी मान्छेजुनी लिएर जन्मिसकेका छौं भने प्रकृतिक हिसावले चल्ने विज्ञान( उत्पत्ति अवस्था), संज्ञा(प्रतिकृया जनाउने अवस्था) र वेदना( चित्त-मन र शरीरमा पैदाहुने तरङ्ग-संवेदना) पञ्च स्कन्धका यी ३ प्रकृया शाश्वत नियम हुन् यिनलाई नियन्त्रण वा परिवर्तन गर्न सक्तनौं । तर कुनै पनि विषयको प्रभावले चित्त (मन) र शरीरमा पैदा हुने जुन प्रियकर वा अप्रियकर तरङ्ग (वेदना)लाई अनुभूति गरेर हामी खुशीभएर वा दुखिभएर प्रतिकृया जनाउँछौं त्यो स्वभावलाई परिवर्तन गरी 'तटस्थ' अथवा 'समता' मा स्थापित हुन हामी सक्यौं भन राग र द्वेष जनित चाहना (तृष्णा) ले जून दु:खद संस्कार बनाउने हो त्यो दु:खद संस्कार सुखमा परिणत भएर सुखद बन्न सक्छ । यसरी आफ्नो अनुकूल र प्रतिकुलतामा हरदम प्रतिकृया जनाइरहने स्वभावले जसरी दु:खको संस्कार संस्कारित गरिरहने हुन्छ त्यसको ठीक बिपरित प्रतिकृया जनाउने स्वभाव निरुद्ध हुँदा वा भनौ प्रतिकृया नजनाई तटस्थ अर्थात समतामा बस्न सकिएको अवस्थामा स्वभाविक रुपमा सुखको वा शान्तिको उदयहुन्छ । शान्तिको शुद्धमात्र होइन संस्कारले जुन दुःखद नाम-रूप (पञ्चतत्वले बनेको चित्त र शरीर) निर्माण गर्ने हो त्यो पनि अवरुद्ध हुनगै निर्वाण साक्षात्कार गर्न सकिने हुन्छ । वास्तवमा यही अवस्था नै शान्तिको त्यो परमानन्द अवस्था हो । भगवान् गौतम बुद्धले 'विपश्यना' ध्यान साधना मार्फत सबैभन्दा पहिले आफ्नै मनभित्रका विकारहरूलाई धोइपखालागरी मनलाई निर्मल बनाएर आफू स्वयम मात्र शुद्ध, बुद्ध हुनु नभएर उहाँका जीवन-कालमा उहाँको सम्पर्कमा आएका लाखौं दुःखियाराहरूलाई दु:खबाट विमुक्त गराउनु भयो । अद्यावधी पनि लाखौं करोडौं दु:खीजनहरू भगवान् गौतम बुद्धले सिकाउनु भएको अन्तरमनको विकार शुद्धिगर्ने 'विपश्यना' साधना अभ्यासबाट दु:ख विमुक्त भएका छन् । यो लोक मात्र होइन परलोक पनि सुधारेका छन् ।

अब निश्कर्षमा भन्नुपर्दा के भन्न सकिन्छ भने हामी मान्छे मात्र होइनौं हरेक प्राणी आफू सुखसंग बाँच्न चाहान्छ, आफू शान्तसंग बाँच्न चाहान्छ । सुखसंग, शान्तिसंग बाँच्न पाउने अधिकार सबैमा छ । तर त्यो अधिकार प्रयोग गर्ने मामलामा अर्काको अधिकार हनन् भएको छ छैन सो बुझ्न पर्ने हुन्छ । त्यो बुझ्ने क्षमता मान्छेमा बाहेक अरु प्राणीमा हुँदैन भन्ने जानिफकार हरूको भनाइ रहन गएको पाइन्छ । यस अर्थमा विश्वमा शान्ति स्थापना गर्ने र समस्त प्राणीको सुखद भविश्यको जिम्मा मान्छेकै काँध र विवेकमा आइलागेको हामी स्पष्ट अनुभव गर्न सक्छौं । अब हामीले इमान्दार साथ छातिमा हात राखेर भन्नुपर्ने हुन्छ के हामी मान्छेले मान्छे हुनुको महत्वलाइ बुझेर वास्तवमै समस्त प्राणीको हितकल्यानार्थ शान्ति स्थापनाका लागि केही काम गरिरहेका छौं ? अहँ मान्छेले आफ्नो स्वार्थभन्दा माथि उठेर केही गरेकै छैनन् । मान्छेले आफ्नो स्वार्थको नाममा कहीं कतै अन्य प्राणीको हित कल्याण र सुख शान्तिका लागि केही गर्ने प्रयास जरुर गरेका होलान् तर ती नगन्य छन् । कहीं राजनीतिको नाममा, कही धर्मको नाममा, कही मानव अधिकारको नाममा त कहीं पशु अधिकारको नाममा केही गर्ने सोच र प्रयास नभएका होइनन् तर यी सबै प्रयास-प्रयत्नहरू आ-आफ्ना स्वार्थ, सिद्धान्त, दर्शन र चाहना अनुसार हुने र भैरहेका हुनाले शान्तिकै नाममा पनि अनेकथरी किचलो निस्कने गरेर शान्ति स्थापनाका काममा पनि युद्ध चर्कने गरेको हामी अनुभव गरिरहेका छौं । आफूले भनेजस्तो चाहेजस्तो भैरह्यो भने शान्ति, र आफूले भनजस्तो, चाहेजस्तो नहुने वित्तिकै अशान्त हुने प्रवृत्ति नै यतिखेर शान्तिका लागि सबैभन्दा बाधक देखापरेका छन् । मानवीय चिन्तन यो प्रवृत्तिबाट हिजो पनि मुक्त थिएन, आज पनि

मुक्त छैन र सम्भव भोलि पनि मुक्त हुने छैनन् । यिनै सन्दर्भमा हेर्दा हामी स्पष्ट अनुमान गर्न सक्छौं आफूभित्रकै विकार र दुःख पहिचान विनाको सिद्धान्त, दर्शन र मान्यताका आधारमा बाह्य देखावारुपमा गरिने र गरिएका शान्ति प्रयास वा सुखका प्रयास झन जटिल, त्रासदी र पीडादायी भएको प्रत्यक्षत विश्वले भोगिरहेको छ । यस प्रसङ्गमा बुद्धको 'दुःख विमुक्ति ज्ञान' हिजोका दिनमा जत्ति प्रभावकार । र प्रासङ्गिक थिए आज पनि त्यत्तिकै महत्वपूर्ण र प्रासङ्गिक छन् । तर अफशोच ! दुःखलाई बुझ्ने प्रयास नै मान्छे गर्न सकिरहेका छैनन् ।

अन्तमा यो पंक्तिकार विश्वास राख्दछ 'शान्ति' एकोहोरो चाहनाबाट होइन, तृष्णा क्षेयको निष्ठाबाट प्राप्त गर्न सकिन्छ । आफू पनि बांचौं र अरुलाई पनि बांच्न दिउं भन्ने भावनाबाट स्थापित गर्न सकिन्छ । अन्यथा यो नार ामात्र हुन्छ । अस्तु ।

२०६५/मंसिर/२२

# नेपाल लामा संघद्धारा पोखरामा मिति २०६५ पुस १ गते कानून, न्याय तथा संविधान सभा मंत्री देवगुरुडलाई दिएको माग पत्र

नेपाल लामा संघले लामो समय देखि बुद्ध मार्ग (मध्यम मार्गी) मार्फत देश र समाजको सेवा गर्दै आएको छ । नेपाल विश्वमा भगवान बुद्धको जन्म स्थल, बुद्धको देश र बौद्ध देश भनेर चिनिन्छ, तापनि यहां बत्ती मुनि अंध्यारो भने झैं भएको छ । बुद्धका मानवीय एवं शाश्वत सन्देश र शिक्षा यहां राम्ररी प्रचार प्रसार भएका छैनन् । समता, सहिष्णुता एवं सह-अस्तित्वमा आधारित बौद्ध दर्शन र शिक्षाको राम्ररी प्रचार प्रसार भएमा जनतामा छिटो जागरण आउने, आफ्नो , हक अधिकारका लागि सचेत र सजग हुने तथा राष्ट्र र राष्ट्रियताको भावना पनि अभिवृद्धि हुने देखिन्छ । हामीले यस क्षेत्रमा केही काम गरिरहेका छौं, तापनि पाइला पाइलामा बाधा, अवरोध र समस्याहरु आएकाले समुचित रुपले विकास गर्न सकिरहेका छैनौं । माननीय मन्त्रीज्यूबाट हाम्रा मागहरु पुरा गरी ती बाधा अवरोध हटाई दिनु भएमा देश र समाजको उन्नति र विकासमा महत्वपूर्ण सघाउ पुग्न जाने व्यहोरा निवेदन गर्दछौं ।

१) लामाहरु अत्यन्त बिकट, अनकण्टार र अविकसित ठाउँमा बसेर आफ्नो कुल धर्मको निर्वाह गर्दै देश र समाजको विकासका लागि लागिपरेका छन् । त्यस्तो ठाउँमा जीवन यापन गर्दा गर्दै लामाहरु आफै पिछडिएका अवस्थामा पुगेका छन् । त्यस कारण सरकारले लामाहरुको शिक्षा दीक्षाको उचित प्रवन्ध गरिनु पर्दछ र गुम्बा शिक्षालाई मान्यता दिएर बौद्ध शिक्षालाई प्रोत्साहित गर्नु पर्छ ।

२) लामाहरु जे जस्तो अवस्थामा भए पनि उनीहरुले गाउँ घरमा अगुवाको भूमिका निर्वाह गर्नु पर्दछ । अगुवा राम्रा भएमा, जान्ने बुझ्ने भएमा र शिक्षित भएमा उनीहरुले समाजलाई तदानुसार नेतृत्व गर्न सक्ने यथार्थतालाई दृष्टिगत गरी उनीहरुका लागि देश दर्शन कार्यक्रम व्यापक बनाउने र बौद्ध देशहरुमा अध्ययन अवलोकन भ्रमण गराउने तथा धर्म सम्मेलन गोष्ठी आदीमा देशको प्रतिनिधित्व गरी भाग लिन जाने व्यवस्था मिलाउने गर्नु पर्दछ ।

३) विकट गाउँ घरहरुमा अधिकांश लामाहरु अनाथ, असहाय एवं वेवारिसे अवस्थाकाहरु हुने गर्दछन् । त्यसरी लामा भएकाहरुले गर्दा संख्या धेरै त देखिन्छन् तर पालन पोषणको ठूलो समस्या गुम्बाहरुले झेल्नु परिरहेको छ । त्यसकारण लामाहरुको जीवन निर्वाहका लागि सरकारले सहयोग पुऱ्याउनु पर्दछ ।

४) छरिएर रहेका लामाहरुले जिल्लामा एकै ठाउँमा भेला भएर प्रत्येक वर्ष विश्व शान्ति पूजा (छोपा मालम) गर्ने गर्दछन् । जुन माननीय मन्त्री ज्यूलाई अवगत नै छ । तर जिल्लाहरुमा त्यस्तो कुनै साझा केन्द्र छैन जहां गएर लामाहरुले पुजा प्रार्थना गर्न पाओस् । त्यसकारण प्रत्येक जिल्लामा त्यस्तो साझा केन्द्र निर्माणका लागि सरकारले आर्थिक सहयोग गर्नु पर्छ भन्ने हाम्रो माग छ ।

(बाकी २६ पेजमा)

# विपश्यना ध्यानमा बस्दा

**- डा. विश्ववन्धु थापा**

विपश्यनाबारे मलाई यतिमात्रै थाहा थियो- बुद्ध कालमा भारतीय समाजमा यसको प्रयोग हुन्थ्यो र पछि भारतवर्षबाटै यो ध्यान विधि लुप्त भयो ।

उपचारक्रममा मानसिक रोगका बिरामीसँग कुराकानी गर्दा कतिपयले विपश्यना ध्यानमा बस्न जाने इच्छा व्यक्त गर्थे र मेरो सहमति खोज्थे । पूर्णज्ञान नभएकाले मैले ठोस सल्लाह दिन सक्दैनथें । अक्सर मेरो मनसाय सकारात्मकभन्दा नकारात्मक नै रहन्थ्यो । म भन्ने गर्थें- बुद्ध भगवानले जीवन दर्शन र सत्यको खोजी गर्न प्रयोग गरेको विधि जटिल र कठिनै हुनुपर्छ । लाग्थ्यो, आध्यात्मिक ज्ञान र कतिपय विधि पार गरेपछि मात्रै विपश्यना उपयुक्त होला, त्यो पनि सशक्त र स्वस्थ व्यक्तिका लागि ।

रोगले कमजोर भएको मनलाई विपश्यना विधिमा लगायन खोज्दा मनले नथाम्ला, तनाव बढ्ला या असफल भएमा पछि हीनताभाव पैदा होला । अझ बीचमै छोडेर आउनुपर्‍यो भने त मनमा के-के होला भन्ने सोचाइ पनि मेरो थियो ।

बिरामीले सोध्दा सुझाव दिनका लागि पनि म आफैं ध्यानमा बस्नु जरुरी थियो । त्यसबाहेक आफैं अत्यधिक कामको चापले थकित भइरहन्थें । कतै आर ाम गर्न जाने कि या केही दिन ट्रेकिङमा जाने कि भनेर सोच्दै थिएँ । लाग्यो, आफैं मानसिक आराम र शान्तिका लागि पनि विपश्यनाको प्रयास किन नगर्ने ?

विपश्यना ध्यानप्रति मेरो चाख जागेर आयो । चाख जागेको २ वर्ष भइसक्दा पनि मैले १० दिनको समय मिलाउन सकिरहेको थिइनँ । फेरि जहिले भन्यो त्यहिले ध्यानमा बस्न मौका पनि नमिल्ने रहेछ । अन्तमा सन् २००८ जुलाई १ मा सुरु हुने सेसनका लागि नाम लेखाएँ । मनमा लागिरह्यो- विपश्यना ध्यान कस्तो होला, उपलब्धि पाउँला ? एक प्रकारले मानसिक रुपले पूरा तयार भएँ र जस्तै कठिन भए पनि मौकाका रुपमा लिँदै समर्पित हुन्छु भन्ने लाग्यो ।

वेलुकाको सत्रपछि हाम्रो मौन नियम सुरु भयो । वढी उत्साहका साथ पहिलो ध्यानमा सामेल भएँ । म त्यति आध्यात्मिक सोचको व्यक्ति थिइन । ध्यान भनेको के होला भन्ने लागेको थियो । मलाई आँखा चिम्लेर पलेटी मारी नाकको प्वालमा मे भईर हेछ त्यो मात्र मनले हेन भनियो ।

मानसिक रोगको चिकित्सक भएकाले त्यसको अर्थ के हुन सक्छ भनेर घोत्लिन थालें । बेलुकाको प्रवचनमा केही जिज्ञासाको समाधान भयो । प्रवचनको सिलसिलामा गुरुजीले भन्नुभयो, श्वास-प्रश्वास नै जीवनको आधार हो । त्यो त ठीक लाग्यो ।

विपश्यनामा श्वास-प्रश्वासलाई स्वतः छाडिदिनुपर्ने रहेछ । यो धारणा बुझ्नै गाह्रो । सास त आफैं आउंछ। जान्छ । हामीले यसलाई भित्र लिने र बाहिर फाल्ने गरेका मात्रै त छौं जस्तो लाग्यो । त्यसलाई आफ्नो नियन्त्रणबाट बाहिर राखेर सास्को आते-जातं मात्र हेर भन्दा अलि अनौठो लाग्यो । सास भित्र बाहिर हेर्न खोज्यो, मन कता हो कता दौडन्छ, अनि फेरि डोऱ्यायो केही सकेन्ड ध्यान सासमा अडिन्छ अनि हिजोको या पुराना अप्रिय घटनाको याद मनमा आयो ।

ध्यानमा बस्न थालेपछि बिस्तारै श्वासप्रतिको एकाग्रताभन्दा पनि चुपचाप मौन रुपमा एउटै आसनमा

बसिरहंदा पट्यार लाग्ने, जीउ बाँधिने, जोर्नी दुख्ने, ढाड र आसन दुख्ने यति तीव्र हुन थाल्यो कि श्वासमा लगाउन खोजेको मन दुःखाइमा केन्द्रित हुन पुग्यो। हातखुट्टा सल्बलाउन पाउंदा र एकछिन दुःखाइ कम हुंदा आनन्दको अनुभूति हुन थाल्यो। केही घन्टाका बीचमा ५ मिनेट विश्राम भयो भने हलबाट बाहिर निस्कंदा र हात-खुट्टा तन्काउन पाउंदा परम आनन्दको अनुभव हुन थाल्यो।

नाकको प्वालबाट सास भित्र-बाहिर गरेको हेर्दाहेर्दै ध्यान अगाडि बढ्यो। दुःखाइको पीडाबाट छुटकारा पाउने आनन्दको बीचबाट गुज्रन थाल्यो। पीडा-आनन्द, आनन्द-पीडा यही चक्र चलिरहयो। श्वास-प्रश्वासमा ध्यान दिंदा मन भौंतारिने क्रम कम हुंदै गयो र एकाग्र हुन अलि सजिलो भयो।

सास फेर्नु अविरल क्रिया मात्र नभएर जीवित रहनका लागि सर्वप्रथम अनिवार्य र पहिलो क्रिया हो। त्यो निरन्तर र अविछिन्न छ। श्वास-प्रश्वास नै यस्तो शारीरिक क्रिया हो जुन हाम्रो जीवनसंग सधैं जोडिएको हुन्छ। कहिल्यै अलग हुंदैन। तर सामान्य दैनिक जीवनमा यस प्रक्रियामा हामी कमै ध्यान दिन्छौं। मन अनेकौं विषयवस्तु र घटनाक्रममा दौडिन्छ। सधैं तनावपूर्ण, थकित, अव्यवस्थित रहन्छ। कुरो ठीकै लाग्यो।

ध्यान शिविरममा क्रमशः हाम्रो ध्यान श्वास-प्रश्वासबाट नाकवरिपरिको स्थानमा केन्द्रित भयो। त्यसपछि नाकैमुनिको सानो भागमा केन्द्रित र त्यसमा हुने अनुभूतिमा केन्द्रित हुनथाल्यो। २४ घन्टाको दिनचर्यामा बिहान साढे चार बजेबाट बेलुका नौ बजेसम्म ध्यान। त्यो पनि मौन बसेर, बाहिरी संसार संग विच्छेद भइरहंदा एक प्रकारको अनौठो अनुभूति हुनथाल्यो। समय नै मन्द गतिमा बगेजस्तो, वरिपरि सबै वस्तु निश्चल गतिहीन भएजस्तो। मनले गर्ने आत्मविश्लेषण नै धीमा गतिमा हुन थाल्यो। शरीरमा हुने अनुभूतिमा मात्र केन्द्रित हुंदा एकप्रकारले एकोहोरो, सुस्त, इन्द्रियहरु शिथिल हुंदै गएको अनुभव हुनथाल्यो।

दिनहरु बित्दै जांदा गहिरो र दार्शनिक पक्ष उजागर हुन थाल्यो। सबै धर्मले आध्यात्मिक ज्ञान बांड्छन्। सबै धर्मले सुख-दुःखमा समभाव प्रदर्शन गर्न सिकाउंछन्। वर्षौं, शताब्दीयौंदेखि नीति शिक्षा प्रचार भइरहन्छ तर मानिसको व्यवहार र सोचाइ भने उस्तै छ। विपश्यनाका गुरुले भन्नुभयो- प्रवचन सुनेर, धर्म शिक्षा पढेर मात्र मानिस फेरिंदैन। मानिसले आफ्नो सोच, व्यवहारमा परिवर्तन ल्याउन उसले सुख-दुःख दुवै अस्थायी हुन्, सुख आउंछ, अनि जान्छ। त्यसैगरी दुःख पनि स्थायी हुंदैन, आउंछ, जान्छ भन्ने अनुभव गर्नुपर्छ। त्यसैले सुखप्रति लिप्त हुनु या दुःखप्रति विचलित हुनु जरुरत छैन। न सुख चिर स्थायी छ न दुःख सधैं रहन्छ। जीवनमा आउने दुःख-सुखप्रति समभाव राख्नुपर्छ। अर्थात् हामी समान र स्थिर रहनुपर्छ। तर हामी रहन सक्दैनौं।

ध्यानको अन्तिम दिन जब मौनता तोडियो, हामी सबै साधकहरु आपसमा वार्तालाप गर्न थाल्यौं। मौन भंग भएपछि ध्यान शिविरभित्र एक प्रकारको कोलाहल नै भयो। थुनेर राखेको तलाउबाट पानीको धार छताछुल्ल भएझैं साधकका समूह-समूह बनेर सजीव बहस सुरु भयो। कतिले ध्यान अवधिभरि मनमनै आफैंलाई सरापे, बेकारमा दुःख बेसाएको भन्ने ठानेर। तर अन्तिम दिनसम्म आइपुग्दा ठीक गरेछु, मनलाई अलिकति भए पनि शुद्ध र शान्त पार्‍यौं भन्ने ठाने।

म साइक्याट्रिस्ट। मानसिक समस्याबाट पीडितलाई उपचार गर्ने व्यक्ति। ध्यान गर्दै गएपछि क्रमशः अनुभव हुंदै जाने संवेग जुन आखिरीतिर अति आनन्ददायक हुनपुग्छ, त्यो हासिल गर्न सकिन।

एकागृताको कमीले होला । तर १० दिनसम्म शान्त वातावरणमा बाहिर संसारबाट अलग, नयाँ कुराबाट टाढा, संवादविहीन, मौन र आत्मकेन्द्रित भएर बसेपछि छुट्टै प्रकारको लाभ भयो । पुरानो मानसिक थकाइ कम हुनुका साथै मन शान्त भयो ।

मसँगै शिविरमा एक अमेरिकी नागरिक पनि थिए । भारत र नेपालमा पटक-पटक ध्यानमा बस्ने उनको योपटक आठौं शिविर रहेछ । जुनसुकै धर्म, संस्कृति, मान्यताको व्यक्ति होस्, पटक-पटक ध्यान गर्न मन लाग्ने एक प्रकारको नशा/लत लाग्दो रहेछ । सायद एकाग्र ध्यानमा वस्दा हाम्रो मस्तिष्कमा विविध रासायनिक पदार्थ पैदा हुन्छन् जसलाई आनन्दको अनुभूति दिलाउछ । त्यही अनुभव अथवा राग पैदा भएकाले नै ध्यानमा गइरहुं लाग्दो रहेछ ।

पहिलो ध्यान शिविरको अनुभवपछि मैले विरामीलाई उसका समस्या हेरेर विपश्यना गर्न सल्लाह दिने गरेको छु । विपश्यना सञ्चालन गर्ने गुरुले साधकमा आध्यात्मिक परिवर्तनको अपेक्षा राख्छन् ताकि ध्यानपश्चात साधकको मन शान्त र स्थिर होओस् । विशेषगरेर दुःख र सुखमा समभाव राखोस् ।

मेरा पहिलो ध्यान शिविरको निष्कर्ष रह्यो- सबै कुरा क्षणभंगुर छ, सबै परिवर्तशील छ, सबै बदलिन्छ, चिरस्थायी छैन, सबै कुराप्रति समभाव जगाउनुपर्छ । दुःख होस् या सुख सबै क्षणमा एकनास भयो भने मुक्तिको मार्गमा लाग्न सकिन्छ ।

(अप्रकाशित 'साइक्याट्रिस्टको डायरी' बाट)

## कुल पूजामा बलि बहिष्कार

पोखरा । विभिन्न जातजातिको कुल पूजामा परंपरागत रुपमा जनावर बलिदिने प्रथाको विरुद्धमा जनमत बन्दैछ । केही जातजातिले जनावर काटेर खाने प्रथा छाडि पनि सकेका छन । यसै क्रममा पोखराको फेवाताल वरपर वस्ने क्षेत्री वोगटीहरुले केही दिन पहिले अथवा मंसिर २७ गते सेदी डाँडामा भएका आफ्नो कुल पूजामा बलिदिने प्रथा अन्त गरेका समाचार छ । उनीहरुले अवदेखि आफ्नो कुल पूजामा कहिल्यै काटमार नगर्ने निर्णय गरेका छन् ।

वोगटीसमाजको कुल पूजामा काटमार नगर्ने प्रस्ताव पोखराको विश्वशान्ति स्तूपमा कार्यरत दुर्गा वोगटीले राख्नु भएको थियो । दुर्गा बोगटी २०५८ सालदेखि स्तूपमा कार्यरत हुनुहुन्छ । उहाले शाक्यमुनि भगवान बुद्ध क्षेत्री वंशका हुनु भएका र क्षेत्री वंशका शिखर धरोहर बुद्धको सम्मान गर्नु सबै क्षेत्रीहरुको कर्तव्य संझेर त्यो प्रस्ताव राखेको बताउनु भयो ।

बोगटी क्षेत्रीको त्यस दिनको कुल पूजामा लुम्बिनीबाट आउनु भएका ९ जना श्रामणेरहरु र एक जना गुरु आमाको पनि सहभागिता थियो । उहाहरुले त्यस अवसरमा बुद्ध पूजा पनि गर्नु भएको थियो । उहाहरुले क्षेत्रीहरुले आफ्नो शिखर धरोहरको पहिचान गरेर बलि पूजा त्यागेकोमा खुशी व्यक्त गर्नुभयो र यो वर्षको कुल पूजाको ठूलो महत्व रहेको बताउनु भयो ।

## दिगो शान्तिका लागि पूजा

पोखरा । नेपाल लामा संघको आयोजनामा पोखराको गौतम बुद्ध मार्ग, पोखरा-१० मा अवस्थित टासी छयोलिङ गुम्वामा पुस १ गतेदेखि १० गते सम्म दिगो शान्तिको लागि बुद्ध पूजा संपन्न भयो ।

सो पूजाको उद्घाटन न्याय कानून तथा संधिवानसभा मंत्री देव प्रसाद गुरुङले पानसमा दीप प्रज्जवलन गर । गर्नुभयो । समारोहमा लामाहरुबाट वौद्ध झण्डोतोलन र शान्तिका प्रतीक परेवा उडाएका थिए । नेपाल लामा संघका अध्यक्ष लामा गोपाल गुरुङको सभापतित्वमा भएको समारोहमा बौद्ध अर्घौं सदनका अध्यक्ष वीर वहादुर गुरुङ, तमु धिंका अध्यक्ष कर्म गुरुङ, मिश्रङ समाजका अध्यक्ष मीन वहादुर गुरुङ लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

समारोहमा ज्ञानमाला भजन गाइएको थियो । समारोहको संचालन संघका महा सचिव लामा मीनवहादुर ले गर्नुभएको थियो । समारोहमा कास्की, श्यांजा, तनहु, लमजुङ, गोर्खा, म्याग्दी, पर्वत, वागलुङ लगायत १० जिल्लाका लामाहरुको सहभागीता थियो ।

# दिगो शान्ति हाम्रो अभिलाषा

-भूपनिधि पन्त

विश्वका मानवहरु अनादिकालदेखि शान्तिको निम्ति आवाज उठाइरहेका छन । शान्ति र अशान्ति मानसिक अवस्थाका दुई धार हुन । जव अशान्ति हुन्छ, मानिसहरु शान्तिको अभिलाषा राख्दछन । वाहिर I वातावरणले मानसिक अवस्थामा प्रतिकूल प्रभाव पारेपछि मानिसलाई शान्ति हुदैन । यस्तो अवस्थामा मानिस पानी वाहिरको माछा जस्तै भएर छटपटाउन थाल्दछन । एउटा वुढो, एउटा रोगी, एउटा मृतक देखेर सिद्धार्थ गौतमलाई अशान्ति भएको थियो । त्यही अशान्तिवाट मुक्तिको खोजि गर्न सिद्धार्थ गौतमले आफ्नो राजकीय सुखसयल नै त्यागेर तपस्याको मार्गमा लागे । ध्यानको अभ्यास गरे । ध्यान पूरा भएपछि उनलाई ज्ञान प्राप्त भयो । त्यही ज्ञानको सारतत्व तीन मूल सिद्धान्त र चार आर्यसत्य वौद्ध दर्शनका आदिरुप हुन । तीन मूल सिद्धान्त हुन- १. संपूर्णचिज दुःखमय छ, २. संपूर्ण चिज क्षणिक छ । ३. निर्वाणले मात्र शान्ति प्राप्त हुन्छ । चार आर्यसत्यमा हामी पाउंछौ- १. सांसारिक जीवन दुःख हो । २. दुःखको कारण हुन्छ । ३. दुखको अन्त निर्वाण प्राप्ति हो । ४. दुख निरोध मार्ग हो ।

हिन्दु दर्शनमा तीन प्रकारका दुःखको वर्णन छ- आध्यात्मिक, आधिभौतिक र आधिदैविक । आध्यात्मिक दुःख मानिसको आन्तरिक स्थितिवाट उत्पन्न हुन्छ जस्तै क्रोध, तृष्णा आदि । आधिभौतिक दुःख, वाह्य कारणबाट उत्पन्न हुनेगर्दछ । आधिदैविक दुःख, देवी, देवता, प्रेत आदि अलौकिक शक्तिहरुवाट उत्पन्न हुन्छन् । श्रीमद्भागवद्गीतामा बताइएको छ- 'अस्थिर मन भएको व्यक्तिले शान्ति प्राप्त गर्न सम्भव छैन, शान्तिविना सुख पाउन सकिदैन ।' मानिसहरु कहिले प्रकृतिमा शान्ति कामना गरिरहेका छन भने कहिले मानिसहरुका वीचवाट शान्तिको खोजि गरिरहेका छन । हजारौं वर्ष अघिको वैदिक ऋचामा यसर I शान्ति कामना गरिएको छ-' स्वर्गमा शान्ति होस, अन्तरिक्षमा शान्ति होस, पृथिवीमा शान्ति होस, जलमा शान्ति होस, जडिवुटीमा शान्ति होस, वनस्पतिमा शान्ति होस, विश्वदेवमा शान्ति होस, व्रह्ममा शान्ति होस', सर्वत्र शान्ति होस, शान्तिमा पनि शान्ति होस ।'

अतीतमा मानिसहरुले प्रकृतिमा शान्तिको खोज गरिरहेका थिए भने वर्तमानमा परस्पर मानिसकै वीचमा वसेर मानिसले शान्तिको खोजि गरिरहेका छन । अहिले प्रकृतिलाई दुःषित वनाएर मानवतालाई नै तिलाञ्जली दिदै मानिस नै मानिसहरुको निन्ति अशान्तिको कारण वनिरहेका छन । संयुक्त राष्ट्र संघ जस्ता विश्वव्यापी क्षेत्र अंगालेका संस्थाहरुले मानव हितमा अथक प्रयास गर्दागर्दै पनि एक राष्ट्रले अर्को राष्ट्र प्रति हस्तक्षेप गरिरहेका छन । कुनै यस्तो राष्ट्र पाउन सकिदैन जहां जातीयता, क्षेत्रियता, लैङ्गिकता आदि र धार्मिक, सांस्कृतिक जस्ता विषयहरुमा समेत निर्लज्ज हस्तक्षेप भइरहेको नहोस । स्वार्थवस मानिसहरुले मानिसहरुप्रति नै दानवीय व्यवहार गरिरहेका छन । तामसी प्रकृतिका मानिसहरुमा न चरित्र छ न त इमान्दारिता । स्वार्थले प्रेरित भएर यस्ता मानिसहरुले लुटपिट र हत्या हिंशा गरिरहेका छन ।

सर्वत्र भयावह वातावरण छ । मानिसहरु त्राहिमाम भएर शान्तिको अपेक्षा गरिरहेका छन । आज पीडक र पीडित दुवैपक्ष शान्तिको निम्ति चित्कार गरिरहेका हामी पाउंछौ ।

सत्ता र शक्तिले मात्र मानिसलाई शान्ति दिन नसक्ने रहेछ । महान शक्तिशाली सम्राट अशोक, कलिङ्ग युद्धको विजयपछि अशान्तिले छटपटिएर शान्तिको खोजिमा लागेका थिए । आखिर उनले बुद्ध धर्ममा प्रवेश गरेर दीन दु:खीहरुको उद्धार गर्दै मानवतालाई अंगालेर सत्कर्म द्वारा शान्ति प्राप्त गरको इतिहास छ। विश्व विजयको हुङ्कार गर्ने अलेक्जाण्डर , नेपोलियन र हिटलरहरुको नाम सम्म सुन्न पनि मानिसहरु चाहदैनन् । आफ्ना प्रतिद्वन्दीहरुको हत्या गरेर सत्ता हत्याएका भीमसेन थापा र जङ्गवहादुर हरुको अन्त्य दु:खद रुपमा भएको हामी पाउंछौ । चोर लाई चौतारो र साधुलाई शूली' भन्ने उखान आज हाम्रो देशको निम्ति सत्य सावित भइरहेको छ । नया नेपाल निर्माण गर्ने नाउमा हाम्रा आस्थाका धरोहर मासिदैछन, नासिदैछन । यस्ता धेरै कुराहरु हाम्रो निम्ति अशान्तिको कारण बनेका छन । बम्वईमा आतङ्ग हुदा भारतले नेपालका सिमानामा सिलबन्दी गर्नुको कारण के होला ? त्यो पनि हाम्रो निम्ति अशान्तिको कारण बनेको छ ।

सत्य, अहिंसा र पञ्चशीलको सिद्धान्तलाई अंगालेको बौद्ध-धर्म आज सुषुप्त अवस्थामा छ। विश्व शान्तिको सन्दर्भमा आफ्नो राष्ट्र भित्रको खिचातानी र हत्या हिंशालाई उन्मूलन गर्न आज फेरि बौद्ध धर्मावलम्वीहरुले बुद्धका उपदेशहरुलाई देशव्यापी रुपमा प्रकाशपार्नु नितान्त आवश्यक भएको छ। राजनीतिले मात्र जनचेतना दिन सक्दैन । राजनीति गर्नेहरुले आ-आफ्ना तरिकाले प्रलाप गर्दछन । शान्तिको निम्ति यो सर्वमान्य विषय हुनसक्दैन । राजनीति [illegible]हरु पथभ्रष्ट भएर आ-आफ्नो स्वार्थमा लागेका हुदा तिनीहरु नै आज अशान्तिका वीज बनेका छन । राजनीति देशको निम्ति आवश्यक भएपनि स्वार्थी राजनीतिले जनकल्याण गर्न सक्दैन । राजनीति गर्नेहरु पारिवारिक र दलगत स्वार्थवाट माथि नउठदा सम्म देशमा शान्ति हुनसक्दैन । आज मानिस कर्तव्यबाट च्यूत भएर अधिकारको मात्र खोज गरिरहेका छन । यो पनि एउटा अशान्तिको मूल कारण भएको छ । सरकारमा वस्नेहरुले नै सरकारको विरोध गरिरहेका छन भने यस्तो सरकारवाट शान्ति-सुरक्षाको प्रत्याभूति कसरी हुनसक्छ ?

आज नेतादेखि नागरिक सम्मलाई चरित्र सम्वन्धी पाठको आवश्यकता छ । त्याग, तपस्या, वलिदान र इमान्दारिताको आवश्यकता छ । कर्तव्यबोधको आवश्यकता छ। असत्कर्मबाट अशान्ति हुन्छ, सत्कर्मबाट शान्ति हुन्छ । दिगो शान्तिको निम्ति फोस्रा भाषण र चर्का नारा काम लाग्दैनन । मानिसका दुश्चरित्रको रुपान्तरण हुनसकेमा शान्ति र सद्भाव प्राप्त हुन सक्दछन्। व्यवहारिक प्रयासबाट मात्र सच्चरित्रको विकास हुनसक्दछ। दिगो शान्तिको निम्ति व्यक्ति-व्यक्तिको विचारमा परिवर्तन ल्याउन आवश्यक पर्दछ। यसको निम्ति सत्प्रयास गर्न त्यस्तै संस्थाले मात्र सक्दछ, जो शान्तिको निम्ति समर्पित भएर आफ्नो सिद्धान्तलाई निष्काम रुपले व्यवहारमा उतार्न सक्दछ । बौद्ध धर्मलाई युगानुसार व्यवहारमा उतार्न सकेमा दिगो शान्ति प्राप्त हुन सक्नेछ। शान्तिको निम्ति आज हाम्रो देश काकाकुल भएर कराइरहेको छ अशान्ति मच्चाउनेले भोलि आफ्नो पनि दुर्दशा हुनसक्छ भन्ने नसोच्दा सम्म न देशमा शान्ति हुनेछ, न त आम नागरिकहरुमा नै शान्ति प्राप्त हुनेछ।

# अर्नोल्ड, शोपेनहावर र टुची: पश्चिमका तीन बौद्ध विद्वान

- तिलक पराजुली

१, एड्विन अर्नोल्ड पूर्वीय दर्शनका एक प्रसिद्ध ज्ञाता हुन्। उनको सुप्रसिद्ध कविता 'एसियाका प्रकाश' ( The light of asia) भगवानबुद्धका सम्वन्धमा युरोपमा प्रकाशित कृति मध्ये सवै भन्दा राम्रो भनेर मानिन्छ। युरोपमा उन्नाईसौं सदीमा प्रकाशित भएका लेख, रचना मध्ये यो नै एक यस्तो रचना हो जसमा बुद्धको जीवन र शिक्षाका सम्वन्धमा अनुपम रुपमा प्रकाश पारिएको छ।

अर्नोल्ड वेलायतको एक सम्भ्रान्त परिवारमा जन्मेका र हुर्केका हुन्। उनका पिताजी मेजिस्ट्रेट थिए। उनी राम्रो शिक्षा-दीक्षा प्राप्त गरेका व्यक्ति थिए। अक्सफोर्ड विश्वविद्यालयमा पढ्दा नैं उनले संस्कृत शिक्षा हासिल गरेका हुन्। सन् १८५६ मा उनी भारतको पुना स्थित संस्कृत महाविद्यालयका प्राचार्य वने। भारतमा पाचवर्ष सेवा गरेपछि १८६१ मा उनी वेलायत फर्के र पत्रकारिता पेशा अवलम्वन गरे। वेलायतको प्रसिद्ध पत्रिका डेली टेलिग्राफको उनी चालिस वर्ष सम्म सम्पादक रहे। यसैबीच उनले वुद्धले निर्वाण प्राप्त गरेको ठाउ बोध गयाको भ्रमण गरेका हुन्। बोधगया जस्तो बुद्धसंग जोडिएको यस ऐतिहासिक स्थलको दुर्दशा देखेर उनी चिन्तित वनेको कुरा उनको संपादकत्वमा प्रकाशित डेलि टेलिग्राफमा प्रकाशित उनका लेख र समाचारहरुवाट थाहा पाउन सकिन्छ। यस पत्रिकाको माध्यमबाट उनले निरन्तर बोधगयाको विकासको लागि भारत सरकार र विश्वकै ध्यान आकर्षण गरिरहे। बोधगयामा बुद्धको स्मरणमा जे जति स्मारक बनेका छन् त्यसमा अर्नोल्डको देन रहेको छ। बुद्ध दर्शनका विद्वान तथा वैज्ञानिक एल्डउस हक्सलेको 'वुद्ध धर्मको र दर्शनको आधुनिक विज्ञानसंग तादत्म्यता छ' भन्ने कुराले उनलाई प्रभाव पारेको थियो। उच्चस्तरको मानवीयता कायम गर्नका लागि ' आत्मसंयम वलिदान र आत्मसम्मानलाई जीवनको अभिन्न अङ्ग वनाउनु पर्छ' भन्ने उनको अटल धारणा थियो।

अर्नोल्डले संस्कृतका केही ग्रन्थहरु अंग्रेजीमा अनुवाद पनि गरेका हुन्। भागवत गीतामा आधारित भक्तिगानको उनले गरेका अनुवाद वेजोडको मानिन्छ। बुद्धधर्म र दर्शन प्रति उनको लगाव तथा उनको कृति 'पूर्वका सूर्य' लाई लिएर क्रिश्चियन जगन् उनीसंग अत्यन्त क्रोधित वनेकोले उनले क्राईष्टको जीवनीमा आधारित रहेर विश्वका सूर्य (light of the word) कविता पछि प्रकाशित गरे। तर पनि उनको जीवन चर्या वुद्ध धर्मसंग मेलखाने थियो। उनी अहिंसाका पूजारी र स्वयंममा एक साकाहारी व्यक्ति थिए। दर्शनको क्षेत्रमा उनलाई पूर्व र पश्चिम जगतका एक सेतु भन्नुमा कुनै अत्युक्ति हुने छैन। सन् १८९३ मा टेलिग्राफमा लेखेका छन् 'जब केही वर्ष अगाडि मैले वोधगयाको भ्रमण गरें, यस्तो ठाउमा महारत्ताका किसानहरुले श्राद्ध गरिरहेका थिए, संस्कृतमा अभिलेख खोदिएका अभिलेखका हजारौं पौराणिक ढुङ्गा वरिपरि थुप्रिएका थिए, मैले पुरोहितलाई के यस पवित्र वृक्षको एउटा पात टिप्नसक्छु भनेर सोध्दा- जति चाहिन्छ त्यति टिप्नु साहेव, यसको हामीलाई केही काम छैन भने।' यसरी वोधगया उपेक्षित भएको, भारतमै बुद्ध प्रति आदरभाव नरहेको, नदेखाएको मार्मिक वर्णन गरेर बुद्ध स्मारकको रक्षाकालागि उनले ध्यानाकर्षण गराए।

२. अर्थर सोपेनहावर एक ठूला व्यापारिका छोरा थिए। उनी सन् १७८८ मा पोलेण्डमा जन्मेका हुन्। उनका बाबुले उनी व्यापारमा नैं लागुन भन्ने चाहान्थे। उनकी आमा त्यसवेलाकी एक चर्चित उपन्यासकार थिइन्। शोपेनहावर किशोर छदा नै उनका पिताजीको मृत्यू भयो। त्यसपछि आमाले पोलेन्डमा भएको उनीहरुको व्यापार लगायत सवै सम्पत्ति वेचिन र उनीहरु जर्मनीमा वसोवास गर्न थाले। शोपेनहावर एक अत्यन्त प्रतिभाशाली तथा मेधावी विद्यार्थी थिए। उनको रुची दर्शनशास्त्रमा सवैभन्दा ज्यादा थियो। दर्शनशास्त्रको अध्ययनकै सिलसिलामा उनले प्राचीन भारतीय दर्शन र धर्मको पनि व्यापक अध्ययन गरे। उपनिषदको सम्वन्धमा थाहा जानाकारी राख्ने तथा यसको विषद अध्ययन

र व्याख्या गर्ने शोपेनहावर नै पहिलो यूरोपियन हुन् । उनले उपनिषदको लेटिन भाषामा अनुवाद पनि गरेका छन् । उनले सन् १८१३ मा दर्शन शास्त्रमा विद्यावारिधीको अध्ययन सम्पन्न गरें र यसै वर्ष आफ्नो शोध ग्रन्थ प्रकाशित गरे । उनले भारतीय धर्मशास्त्र र ध्यानयोग तथा बुद्ध, प्लेटो र कान्टका व्याख्यान एवं संवादहरुको पनि गहिरो अध्ययन गरेका थिए ।

उन्नाईसौं सदीको प्रारम्भ तथा विसौं सदीको आरम्भमा उनले बुद्धधर्म र दर्शनको युरोपमा जुनरुपमा प्रचार प्रसार गरे, त्यो अविस्मरणीय छ । त्यसो त सन् १८१८ मा प्रकाशित उनको प्रसिद्ध कृति The World as will and idea स्वयम्मा बुद्ध दर्शनबाट प्रभावित छ भनेर मानिएको थियो । जर्मनीमा शोपेन हावर बुद्ध दर्शनको व्याख्या गरेको प्रत्यक्ष सुनेका त्यस बखत प्रसिद्ध कवि तथा वैज्ञानिक गोथेले उनलाई आफ्नो जमानाका महामानव भनेर प्रशंसा गरेका थिए । आफ्नो बाबुले आत्महत्या गरेका , आमाले अर्को विवाह गरेकी र जीवनमा निरसता छायको अवस्थामा उनले बुद्ध दर्शनको अध्ययनबाट शान्तिमात्रै होइन मानवजीवनको सार्थक बाटो पैल्याए । आश्चर्य छ , छब्बिस वर्षको युवा उमेरमै उनले बुद्धदर्शन विशेषत: चार आर्यसत्य, अस्टाङ्गिक मार्ग र प्रतीत्य समुत्पादको विषद व्याख्या गरेका कारण धर्मसम्बन्धी युरोपियन धारणामा नै एउटा क्रान्तिको सुरुवात गर्‍यो भनेर उनी पछिका धेरै पश्चिमा विद्वानहरुले स्वीकार गरेका छन् । बुद्धदर्शनको युरोपमा भएको यस प्रवेशले त्यहां जीवन र जगतप्रतिको सोचमा नै एक किसिमले परिवर्तन आयो भनेर पनि स्वीकार गरिएको छ । 'जर्मनीमा बुद्ध धर्मका दूत' भनेर पनि शोपेनहावरको आदर गरिन्छ ।

बुद्ध दर्शनबाट प्रभावित रुसी दार्शनिक तथा विश्व प्रसिद्ध साहित्यकार लियो टाल्सटोयले शोपेनहावरको प्रशंसा गर्दै लेखेका छन् -'शोपेनहावरका सम्बन्धमा जतिसुकै प्रशंसा गरेपनि कमि नै हुनेछ, उनका कृतिको अध्ययन गरेर जुन आनन्द प्राप्त भयो त्यो जिन्दगीमा मैले यस अघि अनुभव गरेको थिइन । उनी एक अद्वितीय प्रतिभा भएका व्यक्ति हुन । उनलाई युरोपीयन बुद्ध भन्दा कुनै अतिशयोक्ति हुने छैन ।'

३. जिस्सेप टुचीको जन्म इटालीको एक सम्भ्रान्त तथा प्रभावशाली परिवारमा सन् १८९४ मा भएको हो । उनको वाल्यकाल वैभव र सुखमा वितेको भएतापनि पढाइमा यिनी सानै उमेरदेखि मेहनती र तिक्ष्ण बुद्धिका थिए । उनले धर्म, दर्शन, मानवशास्त्रको उच्च शिक्षा प्राप्त गरे र यही विषयको प्रोफेशर समेत बने । उनी पूर्वीदर्शनका ज्ञाता र अन्वेषक तथा पुरातत्व विद्का रुपमा विश्वमै ख्याती प्राप्त गरेका हुन् । भारतको शान्तिनिकेतनमा एक आगन्तुक प्राध्यापकको रुपमा आएका टुचीको काठमाडौं उपत्यकामा आगम संगै बुद्धधर्म र बुद्धदर्शनले गहिरो आकर्षण र प्रभाव पारेको हो । नेपालको उत्तरी सीमान्त क्षेत्र मात्र होइन, तिब्बतको धर्म संस्कृतिको पनि व्यापक तथा गहिरो अध्ययन गर्ने युरोपियन विद्वान सायदै भेटिएलान् । टुचीको नेपाल तथा तिब्बतको भ्रमणमा सहयोग गर्ने, साथदिने व्यक्तिहरुमा प्रसिद्ध पर्वतारोही तेजिङ्ग सेर्पा पनि एक हुन् । बुद्ध धर्म-दर्शन र बौद्धहरुको जीवन चर्यांबाट उनी प्रभावित भएका थिए र आफ्नो निजी जीवनमा पनि उनले बुद्धधर्म अनुशीलन गरेका थिए भनि उनको सानिन्ध्यतामा रहेका व्यक्तिहरुले बताएका छन् । तिब्बतमा बस्दा आफ्नो अध्ययन क्रममा उनले जम्मा गरेका सामग्रीहरु तीनसये खच्चरमा बोकाएर नेपाल ल्याएका र त्यो इटाली लगेका हुन् भनेर पनि भनिएको छ । जे जति सामग्री लगेको भएता पनि ती सबै उनको लाइब्रेरी र उनले सन् १९५३ मा रोममा स्थापना गरेको अनुसन्धान केन्द्रमा सबै सुरक्षित छन् । यी सबै खर्चालु कामको लागि उनलाई बादशाह मुसोलिनीको आर्थिक सहयोग रहेको बताईन्छ ।

नेपालसंग त टुचीको ज्यादै गहिरो सम्बन्ध छ । स्वीस नागरिक टोनीहागन पछि नेपालको व्यापक भ्रमण गर्नेमा यिनीनैं अग्रणी छन् । यिनले पश्चिम नेपालमा शासन गरेका खश चल्ल मल्ल राजाहरुको शासनकालको विस्तृत अध्ययन गरेका छन् । उनको मुस्ताङ्गको भ्रमण सन् १९५३ मा नेपालको वैज्ञानिक यात्रा : प्रारम्भिक प्रतिवेदन सन् १९५६ मा र मल्ल शासनमा केन्द्रित नेपालको इतिहास सन् १९६२ मा प्रकाशित भएका छन् । दश देखि चौधौं सदीसम्म पश्चिम नेपालमा शासन गरेका खश मल्लको इतिहास बौद्ध धर्म संस्कृतिको आधारमा लेखेर टुचीले नेपाली इतिहास लेखनको नवीन धार प्रतिपादन गरेका छन् । नेपालका बौद्ध नेवार व्रजाचार्य, उनीहरुको तन्त्रवाद र तन्त्रवादमा रतिलिला सम्बन्धमा पनि उनले खोज गरेका हुन् । बुद्ध प्रति उनको आदर भाव Nepal : The Discovery of the Malla पृष्ठ ८ मा यसरी लेखेर प्रकट गरेकाछन् - तिब्बतको सीमाना चहकिलो हिमालय क्षेत्रको भ्रमण पछि म तराईका जंगलमा झरे जहा- 'वैरभाव बाट वैरको अन्त्य यस संसारमा कहिल्यै हुनसक्दैन, तर असलकामले खराबीको अन्त गर्न सक्छ भन्ने कुरा मानिसलाई बुझाउन इशा भन्दा छ सताब्दी पूर्व बुद्धले जन्म लिएका थिए ।'

# बुद्ध धर्मको सम्बर्द्धन जातीय सह-अस्तित्व, धार्मिक सहिष्णुता आदिवासी खश क्षेत्रीहरुको विशेषता

-डा. दिल बहादुर क्षेत्री
सह-प्राध्यापक , पृ.ना.क्या. पोखरा

खशक्षेत्रीहरु मानव सभ्यताको उषाकालदेखि नै आपसी सद्भाव, सहअस्तित्व र समन्वयात्मक परम्पराका अनुयायी हुन् । (क्षेत्री, २०६५, १०४ ) धार्मिक दृष्टिले हेर्दा खश क्षेत्रीहरु वास्तवमा सनातन धर्मावलम्वीहरु देखिन्छन् । उनीहरु कट्टर हिन्दूवादी देखिदैनन् । जसको ज्वलन्त प्रमाणका रुपमा कर्णाली क्षेत्रमा वसोवास गर्ने खश क्षेत्रीहरुलाई प्रस्तुत गर्न सकिन्छ । जसमध्ये अद्यावधि एकथरी खश क्षेत्रीहरु पावै खशका रुपमा चिनिन्छन् र हिन्दू सनातन धर्मावलम्वी भएतापनि उनीहरुले जनै धारण गर्दैनन् । र परम्परा देखि मदिरा सेवन गर्न स्वतन्त्र छन् । त्यसैले यिनीहरुलाई मतवाली-क्षेत्री भनि सम्वोधन गरिन्छ। यिनीहरुको रीतिथिति मूलतः हिन्दूपरम्पराबाट प्रभावित भएतापनि ब्राम्हण पुरोहितको आवश्यकता ठान्दैनन् । यथार्थमा आजका विविध क्षेत्रीहरुको मूल वंश नै यिनै खशहरु हुन् ।

कर्णाली प्रदेशको खश शासकहरु एवं समग्रमा खश जाति नै बुद्धधर्म प्रति आशक्त मात्र नभई उनीहरुले बुद्धधर्मलाईनै राजधर्मका रुपमा समेत स्थापित गराएको पाइन्छ । कर्णाली प्रदेशका खश क्षेत्रीहरु तिव्वतका वौद्धहरुको सम्पर्कमा आएपछि नै बौद्ध धर्म अपनाएका थिए । त्यस पूर्व यिनीहरु सनातनी हिन्दु धर्मावलम्वी थिए । स्पष्ट शव्दमा भन्दा यिनीहरु शुरुमा प्रकृति पुजक थिए ।

बुद्ध धर्मको प्रभावमा आएपछि खश क्षेत्रीहरु बुद्ध धर्मप्रति यति प्रवल आस्था राख्दथे कि राजकुमार प्रतापचल्ल त राजाहुनु भन्दा भिक्षु हुन रोजे (टुसी, १९५६: ५५) क्राचल्ल, अशोकचल्ल, आदित्यमल्ल, पुण्यमल्ल एवं पृथ्वीमल्ल जस्ता खश शासकहरुलाई परमसौगत (बुद्धको ठूला उपासक) प्रवर महायानयित (असल महायान सम्प्रदायका अनुयायी) हेवज्रप्रपादपद्म परिचर्या परायण (हेवज्रको चरण कमलमा सेवा गर्न सिपालु) श्री धनाराधनाधिगत प्राज्यराज्य रक्षानाम ( बुद्धका आराधना गर्नाले विशाल राज्यको रक्षा गर्न समर्थ भएका ) जस्ता शब्दावलीको प्रयोगले खश साम्राज्यको राजकीय धर्म बौद्ध धर्म भएको स्पष्ट हुन्छ (अधिकारी, २०६१: १४१) ।

माथिनै उल्लेख गरिसकियो कि खश राजाहरु तिव्वती बौद्धहरुको सम्पर्कमा आएपछि बौद्ध धर्ममा दीक्षित भएका थिए । नागराज र उनका उत्तराधिकारीहरु मात्र नभई पहाडी सवर्ण समुदायका साउना कार्की, यशोवर्मा, देववर्मा, जयसिंह, मलयवर्मा जस्ता प्रभावशालि भारदार र सामन्त पनि वौद्ध धर्ममा प्रवल आस्था राख्दथे । यसरी स्वयं राजा तथा भारदारहरु नै बुद्ध धर्मका प्रवल अनुयायी हुनु अनि राज्यले नै बुद्ध धर्मलाई राज्यको धर्म अंगिकार गर्नुले स्पष्ट हुन्छ कि कर्णाली प्रदेशका खश क्षेत्रीहरु बुद्ध धर्मका अनुयायी थिए ।

यहां एक नेपाली नागरिकको हैसियतले गौरब र गर्व गर्नु पर्ने कुरा के छ भने बुद्धधर्मका प्रणेता स्वयं सिद्धार्थ गौतम क्षेत्रीकुलका एक दार्शनिक थिए । नेपाल स्वयंनै वुद्ध धर्म दर्शनको जन्मभूमि भएको र तिव्वतमा यसको प्रभाव परेको वास्तविकता जगगाहेरै छ । त्यसैले वुद्धधर्म एक क्षेत्री सन्ततिको महान चिन्तन, मनन एवं तपस्या र ध्यानवाट प्रतिपादित दर्शन भएको र त्यो दर्शन नै अन्ततः धर्मका रुपमा स्थापित भएकाले संपूर्ण क्षेत्रीहरु एवं समग्रमा नेपालीहरुले बुद्ध धर्म दर्शनप्रति गौरव गर्नु पर्दछ ।

बुद्ध धर्म दर्शनलाई गौतमवुद्धले प्रतिपादन गर्नु पूर्व स्वय वुद्धनै हिन्दु सनातन धर्मावलम्वी थिए । त्यसैले यहां विचारणीय एवं मननीय वास्तविकता के छ भने समग्र नेपालीहरुमा धार्मिक सहिष्णुता अनुपम

उदाहरणको रुपमा कायम हुन सक्यो। कारण केही कट्टर हिन्दु अतिवादीहरु वाहेक हिन्दु अन्तर्गत कै सनातनीहरुले बुद्ध धर्म दर्शनकामूल्य र मान्यतालाई मनन गरे। त्यतिमात्र नभई यी दुई धर्म दर्शन प्रति आस्था राख्नेहरुकै वर्चस्व रहेको र यिनीहरुमा आपसी सदभाव र सहिष्णुता रहेकाले अन्य धर्मावलम्बीहरु पनि यही सहिष्णुताको संस्कारका अनुयायी वने। जसको कारण नेपालमा अद्यावधि सम्म धार्मिक सहिष्णुता र आपसी सदभाव् कायम हुन सकेको छ।

अब यहाँ खश क्षेत्रीहरुले कायम गरेको धार्मिक सहिष्णुता र आपसी सदभावलाई सङ्क्षेपमा चर्चा गरिन्छ। क्राचल्लको वालेश्वर ताम्रपत्रमा उनलाई एकातिर परम सौगत (बुद्धका ठूला उपासक) भनिएको छ भने त्यही अभिलेखमा उनले शैव आराध्यदेव एकरुद्र बालेश्वरको पूजा आराधना गरी भूमिदान गरेको उल्लेख छ। साथै उनकी आमा शिरादेवीलाई गाई र ब्राम्हणको हित रक्षा गर्नमा प्रवीण बनाइएको छ। उता तिब्वतको एक बंशावलीमा क्राचल्लले मञ्जुघोषको स्वर्णमूर्ति, स्वर्णचैत्य, वज्रयानी देवता सम्बरको ५०० रुपैयाका प्रतिमा र १२,००० रुपैयाको मैत्रेय बुद्धको मूर्ति बनाउन लगाई चढाएको उल्लेख पाइन्छ। (अधिकारी, २०६२:१४१)

अशोक चल्ल गरुडनारायण, अभिनव वोधिसत्वावतार, प्रवरमहायानयिन जस्ता हिन्दु र बौद्ध विशेषण एकसाथ दिइएको छ। उनले काश्मीरी भिक्षु गुचपथिजस्ता बौद्ध विद्वानलाई आफ्नो दरवारमा आश्रय दिइ सम्मानसाथ राखेको पाइन्छ। अशोकचल्लले वोधगयामा विहार बनाउने, बुद्ध प्रतिमा स्थापना गर्न तथा पूजाको व्यवस्था समेत गर्न लगाएको उल्लेख पाइन्छ। साथै उनैले लद्दाख भेकका ४४ गाउँबाट प्राप्त राजश्व खर्च गरी एक विशाल धार्मिक सभा सम्पन्न गराएको पनि उल्लेख पाइन्छ। अशोक चल्लले कायम गरेको धार्मिक सहिष्णुता सय-सवा सय वर्ष पछिका राजा पृथ्वीमल्लले समेत दुल्लु कीर्ति स्तम्भमा अङ्कित गराई स्मरण गरेको देखिन्छ (अधिकारी, २०६१: १४१),

राजा केशनारायण, राजचक्रनारायण, गरुडध्वजावतार आदि जस्ता हिन्दूशास्त्र सम्मत विशेषण लिएका आदित्य र पुण्यमल्लले गोखोनजिकै ताघवाई गुम्वाका लामाहरुको पाठपूजामा विघ्न नपरोस् भनि कडा सुरक्षात्मक व्यवस्था बाँधी दिएको पाइन्छ।

पुण्यमल्ल र पृथ्वीमल्लले आफूलाई 'श्रीधनाराधनाधिगत प्राज्यराज्य रक्षाक्षम' (भगवान बुद्धको आराधना गर्नाले साम्राज्यको रक्षा गर्न समर्थ) भनि उद्घोष गरेको पाइन्छ भने हिन्दू ऋषि-महर्षि गार्ग्यायण ,गौतम, अत्रि, हारति, आपस्तम्व आदिका धर्मशास्त्र र राज्य शास्त्र वमोजिम शासन सञ्चालन गर्नु पर्ने प्रतिवद्धता व्यक्त गरेका छन्।

खश क्षेत्री शासकहरुको धार्मिक सहिष्णुता र सम्मानको अनुपम उदाहरणको रुपमा उनीहरुले काठमाडौं उपत्यका माथि सातपटक सम्म आक्रमण गरी त्यसलाई आफ्नो करद राज्य बनाएको अवस्थामा पनि त्यहाँ निर्मित कुनै मठमन्दिर गुम्वा विहारमाथि कुनै क्षति नपुऱ्याई उल्टै सम्मान अर्पण गरेको वास्तविकतालाई प्रस्तुत गर्न सकिन्छ (क्षेत्री, २०६५: १०५) जबकि अन्य जस्तो मुसलमान शासक वंगालका शमसुधिनले त्यही काठमाडौं उपत्यकामाथि आक्रमण गर्दा आफ्नो पहिलो निशाना नै हिन्दू तथा बौद्ध मठमन्दिर गुम्वाविहारहरु लाई बनाएका थिए। (क्षेत्री, २०६५: १०५)।

खशक्षेत्रीहरुको धार्मिक सहष्णिता एवं समन्वयको स्पष्ट उदाहरणका रुपमा पृथ्वीमल्लको दुल्लुस्थित कीर्ति स्तम्भ लेखलाई प्रस्तुत गर्न सकिन्छ। जस्को दुवै पाटाको शिरमा बौद्ध मन्त्र' ॐ मणि पद्मे हुँ' सुन्दर रञ्जना लिपिमा अङ्कित गरिएको छ भने अभिलेखको व्योहोरा गणेशवन्दनाबाट शुरु भएको छ।

खश क्षेत्रीहरुको धार्मिक सहिष्णुता एवं आपसी सद्भाव तथा समन्वयको बारेमा खश अधिराज्यकै बारेमा विद्यावारिधि गर्नु हुने विद्वान प्राध्यापक डा. सूर्यमणि अधिकारी लेख्दछन् :-

> खश राजाहरु हिन्दु र बौद्ध धर्मलाई समान रुपले श्रद्धा गर्दथे।
> उनीहरुले एउटा समन्वयात्मक संस्कृतिको सम्वर्द्धन गरे, जुन
> अहिले नेपाली राष्ट्रियताको चुरो नै वनेको छ।
> नेपाली राष्ट्रभाषा खश साम्राज्यकै देन हो (अधिकारी, २०५२:३२)

यथार्थतालाई आत्मसात गर्ने हो भने खश क्षेत्रीहरुले सर्वसाधारण नागरिक एव जिम्मेवार शासकको हैसियतले कायम गरेको सामाजिक सद्भाव, सहअस्तित्व एव सहिष्णुता नेपाली र नेपालको राष्ट्रिय पहिचान बनेको छ ।

नेपालको इतिहासमा चाहे शाक्यवंशी क्षेत्रीहरु ( भगवान गौतम बुद्धका वंशजहरु) हुन चाहे लिच्छवी वंशी एवं खशवंशी क्षेत्रीहरु हुन उनीहरु सबैको अमूल्य योगदान रहेको छ । यस देशको इतिहासको उषाकालदेखिनै सहिष्णुता र समन्वयात्मक समाज र संस्कृति निर्माणमा । शाक्यवंशी क्षेत्रीको महानसपूत सिद्धार्थ गौतमले सांसारिक धरातलको यथार्थतालाई आत्मसात गरी एक अनुपम दर्शन प्रतिपादन गरे जुन अन्ततः बुद्ध धर्म दर्शनले स्थापित भयो भने त्यसको संरक्षण गर्दै हिन्दू सनातनी धर्मको मर्मलाई समेत आत्मसात गरी धार्मिक सहिष्णुता र आपसी सदभावको अनुपम उदाहरण प्रस्तुत गर्न खशवंशी क्षेत्रीहरु सफल भए ।

खशक्षेत्रीहरु वास्तवमा दुवै हिन्दू एवं बौद्ध अतिवादी एवं जातिवादि धारलाई ठीक ट्रयाकमा ल्याई नेपालको सामाजिक सांस्कृतिक एवं भौगोलिक धरातललाई समेत आत्मसात गर्दै आपसी सद्भाव सह अस्तित्व र सहिष्णुता कायम गर्न महत्वपूर्ण योगदान एवं भूमिका निर्वाह गर्दै आएको तथ्य इतिहास स्वयं साक्षी छ ।

खशक्षेत्रीहरु यथार्थतामा एक नेपाली सपूत महान दार्शनिक गौतमबुद्धले प्रतिपादन गरेको वुद्धधर्म दर्शनलाई सम्मान एवं सम्बर्द्धन गर्न गौरब गर्दछन् भने परम्परा एवं नेपाली सभ्यताको उषाकाल देखि नै आत्मसात गरिदै आएको हिन्दू सनातनी धर्म एवं अन्य धर्म दर्शनहरुको पनि त्यत्तिकै श्रद्धा गर्दछन् । उनीहरुको यो विशेषता र यथार्थता नै हो । सबै जातजाति जनजाति आदिवासीका लागि खशक्षेत्रीहरुले कायम गरेको आपसी सदभाव, समन्वय, सहअस्तित्वको भावना र सहिष्णुताको इतिहास समग्र मुलुक र मुलुक बासीहरुको लागि अनुकरणीय बन्न सकोस् भन्ने कामना आजको अपरिहार्य बनेको छ । मूलतः गौतम बुद्धले प्रतिपादन गरेको दर्शनलाइं अन्तरआत्मादेखिनै आत्मसात गरी व्यवहारमा रुपान्तरण गर्न सक्ने हो भने नेपाल मात्र नभई समग्र मानव समाजनै एक आदर्श समाजको रुपमा रुपान्तरित हुन सक्नेमा कुनै सन्देह छैन । कम्तिमा पनि स्वयं बुद्धको देशका सबै वर्ग तह तप्का र जात जाति जनजाति वीच वुद्धको दर्शनको मर्मलाई आत्मसात गर्न सके मुलुक कुत्सित राजनैतिक स्वार्थले अभिप्रेरित नेता र दल विशेषको निहित स्वार्थ हावी हुन सक्ने थिएन । यस तर्फ आजको परिवेश र अवस्थामा बौद्ध मार्गीहरुको विशेष भूमिका र योगदानको खाँचो रहेको छ । वर्तमान नेपाली समाजमा देखापर्दै गरेको जातिवादी र अतिवादी सोच चिन्तनलाई चिर्दै सम्पूर्ण नेपालीहरु वीच आपसी सदभाव सहिष्णुता र राष्ट्रिय अखण्डता कायम गर्न । गौतमबुद्धले प्रतिपादन गरेको दर्शनको मूल मर्म नै सह-अस्तित्व, आपसी सदभाव र स्वार्थभन्दा माथि उठी एक मानव बन्न सक्नु हो । बुद्ध धर्म दर्शनको सम्वर्द्धनको सन्दर्भमा इतिहासविद् सूर्यमणि अधिकारी ठीक लेख्दछन् - खश साम्राज्यको सूर्यास्तपछि पश्चिम नेपालमा बौद्ध धर्मको प्रभाव क्षीण हुँदै गयो । बाइसे-चौविसे राजाहरुले बौद्ध धर्मको संरक्षणमा कुनै अभिरुची देखाएनन् । कालान्तरमा बौद्ध धर्मको प्रभाव उत्तरका उच्च हिमाली बस्तीहरुमा मात्र सीमित रहन गयो । (अधिकारी, २०६१:१४३) अधिकारीको यो उल्लेखले नै पनि स्पष्ट हुन्छ कि खश क्षेत्री शासक देखि जनताहरुसमेतको बुद्ध धर्मको संरक्षण र समबर्द्धनमा के कस्तो भूमिका र योगदान थियो ।

सन्दर्भ सामाग्री

१. क्षेत्री दिलबहादुर, 'जातिगतरुपमा क्षेत्रीहरुको अवस्था र क्षेत्री समाजको औचित्यः सङ्क्षिप्त विवेचना" स्वाभिमान , क्षत्री समाज कास्की, २०६४ ।

२. अधिकारी, सूर्य मणि, खश साम्राज्यको इतिहास, काठमाडौंः भूडिपुराण प्रकाशन, २०६१,।

३. जि. टुची, प्रिलिमिनरी रिपोर्ट अन टु साइन्टीफिक एक्पेडिसनस् इन नेपाल, रोमः १९५६ ।

# नयाँ नेपालको संविधानमा महामानव बुद्धको स्थान

-तिलकमान गुभाजू

देशमा ऐतिहासिक जनआन्दोलन पश्चात केही सकारात्मक परिवर्तन देखिन थालेको छ। हिन्दू अधिर ाज्यको अन्त भएको छ। हिन्दू धर्मको आडमा अडेको सामन्ती संस्कारको प्रतीक राजतन्त्रको पनि अन्त भएको छ। गणतन्त्रको उदय भएको छ। गणतन्त्रको उदयका साथ राष्ट्र, राष्ट्रियता र नेपालका वास्तविक विशेषताहरु एवं मौलिकताहरु फेदैदेखि खोज्न र सोच्न थालिएको देखिएको छ। सरकारले एउटा वास्तविकताको पहिचान गरेर नेपाल राष्ट्रको नामबाट राखिएको नेपाल संवत्लाई राष्ट्रिय संवत् घोषणा गर को छ। यस अघि २०५६ साल नेपाल संवत्का प्रणेता शंखधर साख्वालाई नेपालका राष्ट्रिय विभूति घोषणा गरेको थियो। आफ्ना राष्ट्रिय विभूतिद्वारा प्रतिपादित कुराहरु हाम्रा आफ्नै मौलिक र विशेषता हुन्छन। तिनीहरुको उच्च मूल्यांकन गर्नुपर्दछ र तिनीहरुलाई हामीले राष्ट्रिय स्तरमा आत्मसात गर्नुपर्दछ। सरकारले नेपाल संवतका संवन्धमा लिएको निर्णय राष्ट्र राष्ट्रियताका संबन्धमा चालिएको एक राम्रो शुरुआत मान्नु पर्दछ। तर सरकारले विक्रम संवतलाई भने हटाएको छैन।

नया नेपाल वनाउन अग्रसर भएको बेलामा हामीले हरेक कुराको- धर्म, संस्कार, संस्कृति लगायत सबै कुराको पुनर्मूल्याङ्कन गर्नुपर्दछ। हाम्रो के हो, अर्काको केहो, तिनीहरुलाई निस्पक्ष किसिमले, हाँसले दुध र पानी छुट्याए झैं छुट्याउनु पदर्छ। छुट्याउन सक्नु पर्दछ। यस किसिमले छुट्याउने बेलामा हामी निहीत स्वार्थमा अल्झिनु र बल्झिनु हुदैन। राष्ट्र र ाष्ट्रियतालाई एकमात्र मापदण्ड मानेर मूल्याङ्कन गर्नु पर्दछ।

यस्तो कुरामा पहिलेदेखि, परंपरादेखि, मान्दै आएको भनेर पूर्वाग्रह राख्नु पनि हुदैन। परंपरा पनि कहिलेदखिको परंपरा हो, त्यो हेर्नु पर्दछ। हामी पर ाजित भएको बेलामा र परावलम्बी भएको बेलामा हामीमाथि बलात् लादिएको जुन धर्म, संस्कार र संस्कृति आदि छन्, तिनीहरु अहिले हेर्दा हाम्रा परंपर ा जस्ता देखिएका छन, तर तिनीहरु मौलिकरुपले हाम्रा हुन कि होइनन्, त्यो खुट्याउन सक्नु पर्दछ, हाम्रा होइनन् भने तिनीहरुलाई परित्याग गर्न सक्नु पर्दछ। त्यो खूबी हामीमा उमार्न सक्नु पर्दछ। हामी जसलाई आफ्नो राष्ट्रियघर भन्छौं त्यसमा प्रयोग हुने दुङ्गा माटो, कलाकौशल, डिजायन आदि सबै कुरा हाम्रो आफ्नै मौलिक हुनु पर्दछ। विदेशवाट आयातित कुराहरुबाट सिंगारिएको र सुशोभित भएको घर जतिसुकै राम्रो भएपनि यथार्थमा त्यो हाम्रो हुन सक्दैन र त्यसलाई राष्ट्रियताको जामा पहिऱ्याएर हाम्रो र ाष्ट्रिय घर भन्नुहुदैन।

यस्तो परिवर्तनको क्रममा ठूल्ठूलो निर्णय लिन पनि सक्नुपर्दछ। कतिपय देश र समाजले त्यसो गर का पनि छन। हाम्रै छिमेकी चीनले पेकिङलाई बेजिङ भनेको छ भने अर्को छिमेकी भारतले बम्वईलाई मुम्बई र कलकत्तालाई कोलकता भनेको छ। तमु जातिले गुरुङ भन्न छोडेको पनि यही परिवर्तनको एक परिचाएकको रुपमा लिन् सकिन्छ। यी सबैको उल्लेख गर्नुको तात्पर्य हो हामी सबैले यस बेलामा आफ्ना विशेषता र मौलिकताहरु खोज्नु पर्दछ। त्यसरी मौलिकता र विशेषताहरु खोज्ने यो राम्रो अवसर हो भने मलाई लागेको छ।

यी सबैको परिप्रेक्ष्यमा भगवान बुद्ध र उनले प्रतिपादन गरेको बुद्ध धर्म र बौद्ध दर्शनलाई हेर्दा स्थिति अरु भिन्न र वेग्लै देखिन्छ। समयको गतिसँगै बुद्ध धर्मको प्रभाव र महत्व बढ्दै गएको छ। हिजो सानो र सीमित समुदायमा रहेको बुद्ध धर्म आज ठूलो क्षेत्रमा फैलिदै गएको छ। छोटकरिमा भन्ने हो भने आज बौद्ध हुनु गौरवको विषय भएको छ।

विदेशमा बुद्धधर्मको प्रचार अरु बढी रहेको छ। केही देशले आफूलाई बौद्ध देश घोषणा गरेर गौर वान्वित भएका छन। केही देश र समुदायले बौद्ध जीवन पद्धति अपनाएर आफूले प्रगति र विकास गर

को उल्लेख गरेको छन । प्राचीन बौद्ध स्मारक र सम्पदाहरु देखाएर धुप्रै पर्यटकहरु भित्राएर आर्थिक उन्नति गर्ने देशहरु पनि छन । दक्षिण-पूर्वी एशियाका धेरै देशहरुले यसबाट फाइदा उठाएका छन । यस किसिमले हेर्दै गएका बुद्ध धर्म एशियाबाट युरोप र युरोप हुदै सात समुद्र पारिको देश अमेरिका पुगेको छ । एक तथ्याक अनुसार एक प्रतिशत भन्दा वढी अमेरिकीहरुले बुद्ध धर्म अपनाइ सकेका छन् ।

भगवान बुद्धले जस्तै विश्व शान्तिको उद्देश्य लिएर स्थापित संयुक्त राष्ट्र संघले पनि भगवान बुद्धका सबन्धमा चासो राख्ने गरेको छ । त्यस विश्व संस्थाले भगवान बुद्ध जन्मेको पवित्र लुम्बिनी क्षेत्रको विकासमा आफूलाई संलग्न गरेको छ ।

त्यसले जापानका वरिष्ठ वास्तुकलाविद् प्रो. केञ्जो टाँगेलाई लुम्बिनी क्षेत्रको गुरु योजना बनाउन लगाई लुम्बिनीको विकासमा सघाउ पुऱ्याइ रहेकोछ । सो संबन्धि चर्चा गर्दा यो पनि उल्लेखनीय रहन्छ कि राष्ट्र संघमा नेपालको अध्यक्षतामा १५ सदश्यीय लुम्बिनी विकास सहयोग समिति गठन गरिएको छ । जुन समितिमा नेपाल, भारत, पाकिस्तान, अफगानिस्थान, श्रीलंका, म्यानमार, इण्डोनेशिया, सिंगापुर, थाइलैण्ड, कम्बोडिया, मलेसिया, लाओस, जापान, दक्षिण कोरिया र भुटान रहेका छन । संयुक्त राष्ट्र संघका महासचिव उत्थानले १९६७ ई.मा लुम्बिनीको दर्शन अवलोकन गर्न आउनु भएदेखि त्यस विश्व संस्था लुम्बिनीको विकासमा आवद्ध भएको हो । चार दशक भन्दा लामो समयदेखि त्यसले यस क्षेत्रको विकासमा योगदान पुऱ्याई रहेको छ ।

त्यस विश्व संस्थाले संसारका अन्य कुनै पनि धार्मिक क्षेत्रको विकास र निर्माणका लागि प्रत्यक्ष त्यसरी संलग्न भएर भूमिका निर्वाह गरेको देखिएको छैन । शान्ति नायक भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी नै एक मात्र यस्तो स्थल हो, जसलाई अन्तर ाष्ट्रिय परियोजनाको रुपमा घोषणा गरी कार्य भैरहेको छ । यसमा बुद्ध जन्मेका देशका हामी नेपालीले गर्व गर्न सक्नु पर्दछ ।

बुद्ध धर्म र त्यस विश्व संस्थाको बारेमा चर्चा गर्दा अर्को के कुरा पनि उल्लेखनीय हुन्छ भने त्यस संस्थाको साधारण सभाले सिद्धार्थ गौतमको जन्म, उनले बुद्धत्व प्राप्त गरेको तथा उनको महापरिनिर्वाण भएको वैशाख पूर्णिमाको दिन पर्व मनाउन आफ्ना कर्मचारीहरुलाई विदाको प्रबन्ध समेत गरिएको छ । साधारणसभाको त्यो निर्णय भगवान बुद्धप्रतिको श्रद्धा र सम्मानको प्रतीक हो । नेपालमा जन्मेका एक नेपाली, नेपालका सपुत एवं राष्ट्रिय विभूतिको विश्व संस्थाद्वारा त्यसरी सम्मान हुनु प्रत्येक नेपाल र नेपालीको शिर उच्च हुनु हो ।

यस किसिमले हेर्दै गएमा एउटा महत्वपूर्ण कुरा के प्रष्ट हुन्छ भने विश्वमा बुद्धधर्मको प्रचार प्रसार जति वढ्दै जान्छ, उति नेपाल र नेपालीको मान, सम्मान र प्रतिष्ठा पनि वढ्दै जान्छ । अब यो प्रष्ट हुदैछ कि बुद्धधर्म संग नेपाल र नेपालीको आत्मीयता जोडिएकोछ, भावनात्मकता गासिएको छ र राष्ट्रियता टासिएको छ । यो पनि अव छर्लङ्ग भएको छ कि आफ्ना राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्म- बुद्ध धर्म नेपाल र नेपालीको आफ्नै धर्म हो, साझा धर्म हो र मौलिक धर्म हो ।

नेपाल र नेपालीको मान र शान वढाउने यस्तो मौलिक कुरालाई नया नेपाल वनाउने वेलामा गहन एवं गम्भीर किसिमले सोची निर्णय गर्नु गर्दछ । यस्तो कुरालाई नया नेपालको संविधानमा कुनै न कुनै किसिमले स्थान दिनु पर्दछ । विश्वले नेपाललाई बुद्ध जन्मेको देश भनिरहेका छन, बुद्धको देश भनेका छन र बौद्ध देश भन्ने गरेका छन । बुद्ध जन्मेका देश, बुद्धको देश र बौद्ध देश भन्नुमा तात्विक अन्तर छैन । यसलाई संस्थागत गर्नु र औपचारिकता प्रदान गर्नु एक मात्र आवश्यकता हो । यथार्थमा नेपाल र नेपालीलाई विश्वमा चिनाउने महत्वपूर्ण कुराहरु मध्ये एउटा विश्वको सर्वोच्च शिखर सगरमाथा हो भने अर्को महामानव बुद्ध र बौद्ध दर्शननै हुन । यिनीहरु संग नेपाल र नेपालीको आत्मीयता जोडिएको छ, भावनात्मकता गासिएको छ र राष्ट्रियता टाँसिएको छ। यो तथ्यलाई मनन गरी नयाँ नेपालको संविधानको प्रस्तावनामा नेपालको परिभाषा गर्ने क्रममा "विश्वको सर्वोच्च शिखर सगरमाथा र शान्ति नायक महामानव बुद्धको जन्मस्थल नेपाल" भनेर उल्लेख गरिएमा त्यसले राम्रो र सकारात्मक प्रभाव र परिमाण दिनेछ । त्यसो गरिएमा नयाँ नेपालको शान्तिप्रति चाहना

प्रतिबिम्बित हुनेछ र शान्ति प्रिय देशको रुपमा नेपालको चिनारी हुनेछ र नेपाल शान्तिको श्रोत हुनेछ ।

त्यसको अतिरिक्त, महामानव बुद्धद्वारा प्रतिपादित शान्ति, सहिष्णुता र समतामूलक दर्शन, सिद्धान्त र शिक्षालाई अपनाउने र तिनीहरुका प्रतीक चिन्ह संविधानमा अंकित गरिएमा त्यसले अर्कै महत्व र प्रतिफल दिनेछ । सगरमाथा र महामानव बुद्ध र बौद्ध दर्शन हाम्रा अमूल्य निधि हुन् । आफ्ना अमूल्य निधि, सम्पदा धरोहरलाई संविधानमा सूचिकृत गरियो भने अरुले तिनीहरुका संवन्धमा अनावश्यक भ्रम फैलाउने र विवाद खडा गर्ने अवसर पनि पाउदैनन् । त्यसकारण यो कुरालाई राष्ट्रवादी शान्तिकामी एवं मानवतावादी लगायत सबैले सोच्नु आवश्यक छ । विशेष गरेर म विधान सभाका सदश्यहरु, राजनेताहरु लगायत सम्बन्धित सबैले सह्दयतापूर्वक मनन गरी यिनीहरुका नाम संविधानमा सूचिकृत गर्ने, त्यो संभव नभए यिनीहरुका प्रतीक चिन्ह कतै उल्लेख गरिएमा राष्ट्र र राष्ट्रियताको जगेर्ना गर्ने काममा ठूलो सघाउ पुग्न जाने भएकोले सो को लागि यसै लेखद्वारा विशेष आग्रहका साथ निवेदन गर्दछु ।

---

# धर्मशीला विद्वत वृत्तिबाट भिक्षु मैत्री सम्मानित

पोखरा, ३० कार्तिक । धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति पोखराद्वारा सञ्चालित धर्मशीला विद्वत वृति-२०६५ लुम्बिनी वुद्ध नगर स्थित अन्तर्राष्ट्रिय बौद्ध समाजका संस्थापक अध्यक्ष भिक्षु मैत्री महास्थविरलाई पोखरामा आयोजित एक समारोहमा प्रदान गरी सम्मान गरियो ।

धर्मशीला बुद्ध विहारमा कार्तिक ३० गते शनिवार आयोजित कार्यक्रममा नेपाल सरकार गुम्बा व्यवस्था तथा विकास समितिका अध्यक्ष आचार्य ङवाङ वोसेर लामा शेर्पाले सो विद्वत वृत्ति प्रदान गर्नुभएको हो ।

विद्वत वृत्तिमा ताम्रपत्र सहित नगद रु. १५ हजार रहेको छ । सो विद्वत वृत्तिवाट सम्मानित व्यक्तिले एक वर्ष सम्म व्यवस्थापन समितिले तोकेको ठाउमा धर्मदेशना, प्रवचन र गोष्ठी आदिमा कार्यपत्र प्रस्तुत गर्नुपर्ने प्रावधान रहेको छ । यो व्यवस्थाबाट धर्मदेशना, प्रवचन गर्ने व्यक्तिको अभाव केहि मात्रामा भएपनि हटेको अनुभव गरिएको छ ।

अनागारिका धर्मशीला गुरुमाको नाममा वि.सं. २०५८ सालमा अनागारिका कर्मशीलाले स्थापना गर्नु भएको सो विद्वत वृत्तिबाट यस अघि भिक्षु कोण्डन्य, भिक्षु सुशील, अनागारिका सुजाता, अनागारिका ज्ञाणवती, भिक्षु आनन्द र आचार्य ङवाङ बोसेर लामा शेर्पा सम्मानित भई सक्नु भएको छ ।

कार्यक्रममा बोल्दै गुम्वा व्यवस्था तथा विकास समितिका अध्यक्ष शेर्पाले विभिन्न जातजातिद्वारा देवीदेवताका नाममा बली दिने परम्परालाई रोक्नुपर्ने बताउनुभयो । उहाले बली दिने परम्परा रोक्नको लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बौद्ध धर्मावलम्वीहरुले ज्ञापनपत्र बुझाएको भए पनि त्यसप्रति सरकार सम्वेदनशील नभएको बताउनु भयो । बली दिने परंपराले मानव समाजलाई हिंसाका लागि प्रेरित गरेको उहाको भनाइ थियो ।

उहाले बुद्ध जन्मेको देशमा बुद्ध धर्मको विकास हुन नसक्दा मुलुकमा अशान्ति मच्चिएको बताउदै शान्ति स्थापनाका लागि मुलुकमा बुद्ध धर्मको विकास गर्न जरुरी भएको आवश्यकता औंल्याउनु भयो । उहाले धर्मको आधारमा कोहिपनि व्यक्ति सानो ठूलो नहुने बताउदै मानव समाजलाई शान्त बनाउनको लागि व्यक्तिमा रहेको राग, द्वेष र मोह त्यागनुपर्ने बताउनुभयो।

सम्मानित व्यक्तित्व भिक्षु मैत्री महास्थविरले समाज सेवाको माध्यमबाट धर्मको प्रचार गर्न सकिने थुप्रै उदाहरणहरु आफूले भेटेको र त्यसैबाट प्रेरित भएर बुद्ध जन्मस्थल लुम्बिनी वरपरको विकट गाउहरुमा गएर शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाई जस्ता कार्यक्रमहरु सञ्चालन गरेको जानकारी दिनुहुदै यसबाट त्यस भेगका जनताहरुमा तथागत गौतम बुद्धको सन्देश पुऱ्याउन सकिएको कुरा बताउनु भयो ।

नेपाल लामा संघका महासचिव मिन वहादुर लामाले शुभकामना मन्तव्य दिंदै नैतिक शिक्षाका

(बाकी २२ पेजमा)

# नया पिढीमा बुद्धधर्मको प्रभाव बढ्दोछ

पोखरा। "नेपालमा जन्मेका भगवान बुद्धद्वारा प्रतिपादित धर्म भारतका महान सम्राट अशोकका सुपुत्र तथा सुपुत्री महेन्द्र तथा संघ मित्राले तेइस सय वर्ष पहिले श्रीलंकामा लगेर प्रचार प्रसार गरेदेखि नेपाल र श्रीलंकाको सम्बन्ध स्थापित भएको हो। त्यसवेलादेखि यी दुई देशको सम्वन्ध वुद्ध धर्मको माध्यमवाट निरन्तर अघि वढिरहेको छ।"

उक्त कुरा श्रीलंकाका अमरपुर निकायका सभापति त्रिपिटक विशारद् भिक्षु कोटुगोड धम्मावास महाथेराले पोखरामा आयोजित धर्मदेशना तथा प्रवचनमा भन्नु भएको हो। उहाले त्यसवेलादेखि श्रीलंकामा अटुत रुपले वुद्धधर्म रहिरकेको र त्यसले श्रीलंकाको जनजीवनममा ठूलो प्रभाव पारिरहेको वनाउनु भयो।

भिक्षु कोटुगोड धम्मावास श्रीलंका सरकारका धार्मिक सल्लाहकार पनि हुनुहुन्छ। उहाले पोखरा वसाईको व्यस्त समयमा २०६६ वैशाख ४ गते पृथ्वी नारायण क्याम्पसका एम.ए.का विद्यार्थीहरुलाई सम्वोधन गर्दै वुद्ध धर्म, प्रज्ञाको धर्म भएकाले विश्वको ठूलो भूभागमा र नया पिंढीमा यसले प्रभाव पारिरहेको वताउनु भयो।

भिक्षु धम्मावासले पोखराको धर्मशीला वुद्ध विहारमा र २०६५ वैशाख ५ गते पोखरा सभागृहमा आयोजित कार्यक्रमहरुमा पनि धर्मदेशना र प्रवचन गर्नुभयो। उहाँले पोखराको विश्वशान्ति स्तूपमा गएर पूजा अचर्ना पनि गर्नुभयो। उहा ३ गते पोखरा आई पाँच गते काठमाडौं जानु भएको थियो। उहाले नेपालमा मौलिक वुद्ध धर्ममाथि प्रतिवन्ध लाग्दा र यहाका भिक्षुहरुलाई देशनिकाला गर्दा श्रीलंकाका नारद महाथेराको नेतृत्वमा २००२ सालमा एक प्रतिनिधि मण्डल आई राणा प्रधान मंत्रीसँग कुराकानी गरेको स्मरण गर्दै त्यसबेलादेखि नेपालमा यो धर्म फैलिदै गएकोमा सन्तोष व्यक्त गर्नुभयो। उहाले यस्ता प्रत्येक घटनाले नेपाल र श्रीलंकाको संवन्ध गाढा वनाउदै लगेको वताउनु भयो र भन्नुभयो बौद्ध अध्ययनका लागि श्रीलंकाले नेपाली विद्यार्थीहरुलाई स्वागत गर्ने गरेको पनि वताउनुभयो।

भिक्षु कोटुगोड धम्मावास नेपालका भिक्षु ज्ञानपूर्णिक महास्थविरको उप सम्प्रदायको ५० औं स्वर्ण दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रमहरुमा सहभागीता जनाउन नेपाल आउनु भएको हो। उहाले आफ्नो नेपाल वसाइमा काठमाण्ढौका विभिन्न भागका अतिरिक्त लुम्विनी, तानसेन र पोखरामा आयोजित कार्यक्रमहरुमा पनि धर्मदेशना र प्रवचन गर्नुभएको थियो।

# बुद्धजयन्ती समारोह समिति

पोखरा। यहा स्थापित वुद्ध जयन्ती समारोह समिति पुनर्गठन गरिएको छ। पुनर्गठित समितिमा इश्वरलाल हिराचन अध्यक्षमा निर्वाचित हुनु भएको छ। समितिका अन्य पदाधिकारीहरुमा उपाध्यक्ष सोनाम साङ्पो, सचिव विश्वरत्न शाक्य, सहसचिव दीपक तामाङ, कोषाध्यक्ष गोविन्द ताम्राकार तथा सहकोषाध्यक्ष श्याम शाक्य रहनु भएको छ।

कार्य समितिमा निवर्तमान अध्यक्ष हरिध्वज तुलाचन र पूर्व निवर्तमान अध्यक्ष विल वहादुर गुरुङ पनि हुनुहुन्छ।

समितिका अन्य सदश्यहरुमा चन्द्रलक्ष्मी गुभाजू, दमयन्ती शाक्य, तिल कुमारी ह्योल्मो, रितादेवी ह्योल्मो, राजकुमारी गुरुङ, मैनाकुमारी गुरुङ, मनवहादुर गुरुङ, क्या. कृष्णवहादुर थापा मगर, वसन्त थकाली, विनोद शाक्य, उत्तम ताङ्वे र वुद्धिमान दुरा हुनुहुन्छ।

बुद्धजयन्ती समारोह समितिको आयोजनामा २०६६ वैशाख १९ गते देखि वुद्ध जयन्ती सप्ताह कार्यक्रम प्रारम्भ भइरहेको छ। २९ गते शान्ति पदयात्रा, धर्मदेशना आदि कार्यक्रमहरुको आयोजना हुने भएको छ। वुद्ध जयन्ती समारोहमा पोखराका दुई जना बौद्ध व्यक्तित्वहरु हरिध्वज तुलाचन र सोनाम साङ्पोलाई सम्मान गर्ने कार्यक्रम पनि रहेको छ। गत वर्ष यसैगरी प्रज्ञारत्न वज्राचार्य र अकला गुरुङलाई सम्मान गरिएको थियो भने त्यस भन्दा अघि पहिलो पटक तिलकमान गुभाजू र विलवहादुर गुरुङलाई सम्मान गरिएको थियो।

सप्ताह व्यापी कार्यक्रम संपन्न गर्न १५१ जनाको मूल समारोह समिति, कास्की २०६६ गठन गरिएको छ। ईश्वरलाई हिराचनको अध्यक्षतामा गठित समितिमा ११ जना धर्मानुशासक, १० सल्लाहकार र १६ जना अतिथि सदश्य हुनहुन्छ।



Wondershare PDFelement

# -शान्ति स्तम्भ

(संविधानसभाले निकट भविष्यमा देशको संविधान बनाउने कार्यको थालनी गर्दैछ । संविधानले नेपालीहरुले कल्पना गरेको नयाँ नेपाल, विकशित नेपाल र संवृद्ध नेपालको खाका कोर्ने निश्चित छ । त्यस्तो नेपाल निर्माण गर्नको लागि दिगो शान्ति अपरिहार्य हुन्छ भन्ने सर्पविदित छ । त्यसकारण संविधान सभामा शान्ति प्रस्ताव अघि सार्नु आजको आवश्यकता हो भन्ने हामीलाई लागेको छ ।

एक दशक लामो जनयुद्ध र तराई मधेशको सशस्त्र संघर्ष पश्चात नेपालहरुको उत्कृष्ट चाहना पनि शान्ति हो, दिगो शान्ति हो । दिगो शान्ति त्यसै हुँदैन, त्यसको लागि आधार चाहिन्छ, वातावरण चाहिन्छ, सिद्धान्त र दर्शन चाहिन्छ । ती कुराहरु के के हुनसक्छ र देशमा शान्ति संस्कृतिको निर्माण कसरी हुन सक्दछ, यो ज्यादै महत्वपूर्ण हो ।

यी कुराहरुलाई दृष्टिगत गरेर हामीले संविधान सभामा शान्ति प्रस्ताव के-कसरी लग्न सकिन्छ र नयाँ संविधानमा यो कुराहरुलाई के-कसरी उल्लेख गर्न सकिन्छ, यो प्रश्न सम्वन्धित सबैलाई राख्दछौं । प्राप्त जवाफ/विचार यसै स्तम्भमा प्रकाशित गरेका छौं । यो वर्षभरि हामी यो स्तम्भलाई निरन्तरता दिनेछौं र प्राप्त जवाफ विचारको स्वागत गर्नेछौं । यसमा सहयोग गर्न हामी सम्बद्ध सबैसंग हार्दिक आग्रह गर्दछौं ।)

१. संविधान सभामा शान्ति प्रस्ताव कसरी लग्न सकिन्छ ?

२. नेपालको सन्दर्भमा दिगो शान्तिको आधार के हुन सक्दछ ?

१. संविधान सभामा ६०१ जना सदश्य छन । ती मध्ये २४० ज

ना निर्वाचनबाट पुगेका छन भने ३३५ जना समानुपातिकबाट पुगेका छन । २६ जना सरकारबाट मनोनित छन । त्यसरी जनजीवनका विभिन्न क्षेत्रबाट पुगेका सदश्यहरुले जनताको भावना र विचारको राम्ररी प्रतिनिधित्व गर्नुहुनेछ भनी धेरैले आशा एवं विश्वास गरेका छन । जनताको भावना अहिले शान्तिको पक्षमा छ । शान्ति नभै हुदैन भन्ने सबैले भन्दै छन । त्यसैले त्यो कुरा महशूस गरी उनीहरु स्वयंले शान्तिको प्रस्ताव टेवुल गर्न सक्दछन् । उनीहरुले टेबुल नगरे जनाको पक्षवाट दवाव दिएर भएपनि त्यो प्रस्ताव प्रस्तुत गराउन पर्दछ ।

दिगो शान्तिको आधारको चर्चा गर्दा सबभन्दा पहिले सरकारले जनताको गाँस, बास, कपास र र ाजगारीको व्यवस्था गर्नुपर्दछ । शिक्षा र स्वास्थ्यको प्रबन्ध मिलाउनु पर्दछ । राजनीतिक व्यवस्थाको लागि नेपाल र नेपालीले धेरै रगत बगाइ सकेकाले राजनीतिक व्यवस्थाको छिनोफोनो यो संविधान मार्फत हुनुपर्दछ । हत्या, हिंसा, काट्ने र मार्ने कुरा सबैले छोड्नु पर्दछ । सवै मिलेर जाने वातावरण निर्माण गर्नुपर्दछ । सह-अस्तित्वको भावना लिनुपर्दछ । यस कुराहरु दिगो शान्तिको आधार हुन सक्दछ । त्यसभन्दा एक कदम अगाडि बढ्ने हो भने शान्तिका अग्रदूत

भगवान बुद्धको शिक्षा, सिद्धान्त र दर्शनलाई अर्को आधार वनाउन सकिन्छ। मैत्री, करुणा र अहिंसाको प्रचार गर्नु पर्दछ। अहिंसाद्वारा स्थापित कार्य दिगो हुन्छ भन्ने भावना विकास गर्नुपर्दछ।

**सर्वज्ञमान, पोखरा**

२. संविधान सभामा शान्ति प्रस्ताव सरकारले पेश गर्न पनि सक्दछ। तर बन्दुक र बारुदको महत्व मात्र बुझेको सरकारले त्यस्तो प्रस्ताव पेश गर्ला भनेर आशा गर्नु त्यति उचित हुदैन। उनीहरु शान्तिलाई भन्दा विद्रोहलाई महत्व दिन्छन र जतातत‍ै विद्रोहको विगुल फुक्दछन। त्यसैले जनताले नै केही शान्तिकामी सभासद्लाई हातमा लिएर शान्ति प्रस्ताव पेश गर्न लगाउनु पर्दछ। त्यसमा बौद्ध अनुयायी सांसदहरुले सघाउ पुऱ्याउन सक्दछन।

नेपालको सन्दर्भमा दिगोशान्तिको आधार भनेको जनताको हक अधिकारको सुनिश्चितता हो। न्यूनतम आधारभूत कुरा प्राप्त नभए भोको पेटमा शान्तिको अनुभूति गर्न सक्दैनन। भगवान बुद्ध आफैले पनि भोक-भोकै बसेर केही प्राप्त नभएपछि खाना खानु भएको थियो। पेटको समस्या सवभन्दा ठूलो समस्या हो। रोजी रोटीको व्यवस्था भएपछि मानिसहरुले धेर कुरा सोच्न सक्दछन। न्यूतनम भौतिक आवश्यकता पूरा भएपछि आफ्नै देशका राष्ट्रिय विभूतिद्वारा प्रतिपादित बौद्ध दर्शन जुन नेपाल र नेपालीको मौलिक एवं साझा दर्शन हो, त्यसैमा निहित शिक्षा र सिद्धान्तको समुचित प्रचार प्रसार गरेर दिगो शान्तिको आधार बनाउन सकिन्छ।

बुद्धका शिक्षा सिद्धान्तलाई ओझेल पारेर होइन, प्रचार-प्रसार गरेर, पाठ्य पुस्तक आदिमा राखेर शान्तिको संस्कृति निर्माण गर्नुपर्दछ र शान्तिलाई स्थायी वनाउनु पर्दछ। शान्तिका विरुद्ध आउने सवै विचार, नारा र अफवाइ आदि जे छन, ती सवैलाई तिलाञ्जली दिन सक्नुपर्दछ।

**रामेश्वर पौडेल, तनहू**
**हाल: पोखरा**

---

**(धर्मशीला विद्वत वृति.....)**

प्रवर्तक नै भगवान गौतम बुद्ध भएको बताउनुभयो।

धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समितिका अध्यक्ष भिक्षु श्रद्धानन्दको सभापतित्वमा सम्पन्न कार्यक्रममा बौद्ध अर्घौ सदनका अध्यक्ष वीर वहादुर गुरुङ्ग, धर्मोदय सभा कास्की एवं सद्धर्मसभा धर्मसंघ बुद्ध विहारका अध्यक्ष सुवर्ण वज्राचार्य समितिका सचिव विक्रम बुद्धाचार्य, सदस्य उत्तममान बुद्धाचार्य र प्रकाश उदास लगायतले बोल्नु भएको थियो।

कार्यक्रममा अन्तराष्ट्रिय बौद्ध समाजद्वारा लुम्बिनीको ग्रामीण क्षेत्रमा संचालित अमृत निःशुल्क स्वास्थ्य सेवा केन्द्रका लागि वरिष्ठ वालरोग विशेषज्ञ डा. भाईरत्न शाक्य र शाक्य ड्रग हाउसका प्रोप्राईटर रवि शाक्यले समारोहमा औषधि दान गर्नुभएको थियो।

त्यसैगरी अन्तराष्ट्रिय बौद्ध समाजद्वारा सञ्चालित अन्तराष्ट्रिय बौद्ध भिक्षु तालिम केन्द्रमा अध्ययनरत श्रामणेरहरुका लागि छात्रवृत्ति स्वरुप जनही रु. तीन हजार पाँच सय प्रदान गरिएको थियो। त्यसर छात्रवृत्ति प्रदान गर्नु हुनेहरुमा प्रकाश उदास, रवि शाक्य, महेन्द्रमान गुभाजू, कृष्णमान गुभाजू, उत्तममान बुद्धाचार्य, भरतराज शाक्य, सुशन पौडेल र सम्यक वज्राचार्य, दायक सभा तथा बौद्ध उपासिका संघ र हेको व्यवस्थापन समितिले जनाएको छ।

कार्यक्रमको शुभारम्भमा ज्ञानमाला संघको तर्फबाट ज्ञानमाला भजन, भिक्षु मैत्री महास्थविरबाट पञ्चशील प्रदान र भिक्षु श्रद्धानन्दबाट बुद्ध पूजा गरि एको थियो।

**विक्रम बुद्धाचार्य**
**सचिव**
धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति, पोखरा

"नेपालमा दिगो शान्तिकालागि बौद्ध प्रयास" विषयक पश्चिमाञ्चल क्षेत्र स्तरीय गोष्ठीद्वारा जारी

# पोखरा घोषणा-पत्र

हामी पश्चिमाञ्चल बासी सम्पूर्ण बौद्ध धर्मावलम्बी तथा बुद्ध धर्म प्रति आस्था राख्ने बौद्धहरुको तर्फबाट यहि वि.सं. २०६५ पौष ११ र १२ गते पोखरामा आयोजित "नेपालमा दिगो शान्तिकालागि बौद्ध प्रयास" विषयक कार्यशाला गोष्ठीमा भएको छलफल अनुसार "संविधान सभामा बौद्ध प्रस्ताव" सम्बन्धमा तपशिल बमोजिमको संविधानको प्रस्तावनामा उल्लेख गरिनुपर्ने स्पष्ट बुँदाहरु तथा संविधानका अन्य परिच्छेदहरुका साथै संविधान अन्तर्गत वन्ने ऐन, नियम, विनियमहरुमा उल्लेख गरिनुपर्ने हाम्रा मागँहरुलाई बुँदागत रुपमा प्रस्तुत गरी यो पोखरा घोषणा-पत्र जारी गर्दै नेपाल सरकार, विभिन्न राजनीतिक पार्टीहरु, संविधान सभाका सम्पूर्ण समितिहरु तथा नेपाल भरीका सम्पूर्ण जनमानसमा यी मागँहरु पूरा गर्न जोडदार अपिल गर्दछौं ।

संविधानको प्रस्तावनामा उल्लेख गरिनुपर्ने मागहरु:

१. नेपाल धर्मनिरपेक्ष राष्ट्र भनी स्पष्ट उल्लेख गरिनुपर्ने ।

२. बुद्धद्वारा प्रतिपादित पञ्चशील सिद्धान्तको आधारमा देशको राज्यकानून सञ्चालन गर्ने भनी स्पष्ट रुपमा उल्लेख गरिनपर्ने ।

३. बुद्ध जन्मेको देश नेपाल भनी स्पष्ट रुपमा उल्लेख गरिनुपर्ने।

संविधानको परिच्छेदहरु तथा ऐन, नियम, विनियमा उल्लेख गरिनुपर्ने मागहरु:

१. अशोक स्तम्भ सहितको बुद्ध जन्मस्थल "विश्व शान्तिको मुहान लुम्बिनीलाई राष्ट्रिय प्रतीकको" रुपमा घोषणा गरिनुपर्ने ।

२. बुद्ध सम्वत्लाई राष्ट्रिय सम्वत् घोषणा गरिनुपर्ने ।

३. राष्ट्रिय झण्डामा बौद्ध झण्डामा उल्लेखित ५ रंग राखिनु पर्ने ।

४. नेपाली मुद्रामा धर्मचक्र संकेत राखिनुपर्ने ।

५. कस्तुरीलाई राष्ट्रिय जनावर घोषणा गरिनुपर्ने ।

६. बुद्ध पूर्णिमाको दिन हिंसा तथा मारकाट निषेध गरिनुपर्ने ।

७. भगवान गौतम बुद्ध र बुद्ध धर्मलाई व्यापारिक रुपमा प्रयोग गर्न वन्देज लगाईनुपर्ने ।

८. सरकारी संयन्त्रभित्र धार्मिक मन्त्रालय गठन गरी सो अन्तर्गत छुट्टै बौद्ध विभाग कायम हुनुपर्ने ।

९. लुम्विनी विश्वविद्यालयलाई राज्यस्तरबाट नै आर्थिक सहयोग उपलब्ध गराई संचालन गर्नुपर्ने ।

१०. लुम्विनी विकास कोष जस्ता धार्मिक निकायमा राजनीतिक नियुक्ति गरिनु नहुने ।

११. राज्य संरचनाभित्रका बौद्ध धर्मसँग सम्वन्धित बौद्ध संघसंस्था तथा धार्मिक निकायमा बौद्ध व्यक्तित्वलाई नै नियुक्त गरिनपर्ने ।

१२. बुद्ध धर्मसँग सम्वन्धित विहार, गोम्पा लगायत पुरातात्विक सम्पदाहरुको राज्यद्वारा संरक्षण हुनु पर्ने ।

१३. बुद्ध धर्मसँग सम्बन्धित पौराणिक, पुरातात्विक, गुठी, वहाःवही, जग्गा जमिन, विहार गोम्पा आदि राज्यले अधिग्रहण गर्न निषेध गरिनुपर्ने तथा उक्त धरोहरहरु धार्मिक मन्त्रालय अन्तर्गत बौद्ध विभागमा छुट्टै दर्ता गर्ने व्यवस्था गरिनुपर्ने ।

१४. बुद्ध शिक्षालाई नैतिक शिक्षाको रुपमा प्राथमिक विद्यालय तहदेखि विश्वविद्यालयसम्म अध्ययन अध्यापन गराउने व्यवस्था गरिनुपर्ने ।

१५ भिक्षु-भिक्षुणी, लामा आनीहरुलाई आफ्नो पहिरन तथा भेषमा परिचय-पत्र, नागरिकता तथा पासपोर्ट बनाउन पाउनु पर्ने तथा राज्यबाट शिक्षा, स्वास्थ्य, यातायात लगायतका क्षेत्रमा सहुलियत तथा सुविधाहरु उपलब्ध गराउनुपर्ने ।

१६. नेपाली सेना तथा अन्य सुरक्षा निकायलाई धर्म निरपेक्ष बनाइनुपर्ने ।

१७. नेपाललाई शान्ति क्षेत्र घोषणा गरिनुपर्ने ।

१८. स्वेच्छाले धर्म परिवर्तन गर्न पाउने, नैसर्गिक तथा मौलिक अधिकारको उच्च सम्मान गर्दै यदि लोभ, लालच, प्रलोभन, करकाप तथा जवर्जस्ती कसैले कसैलाई धर्म परिवर्तन गर्न गराउन लगाएमा उचित दण्ड सजायको व्यवस्था गरिनुपर्ने ।

# संविधान सभाको टोलीलाई बौद्ध प्रस्ताव पेश

पोखरा/२०६५ चैत्र ५ गते

नयाँ संविधान निर्माणका लागि सुझाव संकलन गर्न यहा आएको संविधान सभाको टोलीलाई २०६५ चैत्र ४ गते बौद्ध अर्घो सदनमा एक स्वागत कार्यक्रमको आयोजना गरी बौद्ध प्रस्तावहरु सुझावका रुपमा प्रस्तुत गरियो। उक्त बौद्ध प्रस्तावहरु पुस ११ र १२ गते पोखरामा आयोजित पश्चिमाञ्चल क्षेत्र स्तरीय गोष्टीद्वारा पारित गरिएको हो। सुझाव प्रस्तावमा वुद्ध जन्मेको देश, बुद्ध भूमि एवं बौद्ध देश भनेर विश्वमा परिचित नेपालको संविधानमा शान्तिका अग्रदूत, समताका उद्‌घोषक एवं मानवताका ताजका रुपमा सुपरिचित महामानव बुद्धको नाम, उनले प्रतिपादन गरेको शान्ति, मैत्री र करुणाको दर्शन एवं तिनीहरुका प्रतीक चिन्हहरु संविधानमा उल्लेख गर्नु पर्नेमा जोड दिइएको छ।

बुद्धको शान्ति दर्शनलाई कतिपय देशले राष्ट्रिय स्तरमा अपनाएको, सिंगो विश्व संस्था संयुक्त राष्ट्र संघले वुद्धको जन्मस्थल लुम्बिनीको विकासमा प्रत्यक्ष संलग्न भै गुरुयोजना प्रचार गर्न लगाई कार्य भैरहेको तथा हाम्रो छिमेकी देश भारत जो धर्मनिरपेक्ष देश पनि हो, त्यसले पनि आफ्नो राष्ट्रिय झण्डामा बौद्ध प्रतीक धर्मचक्र अंकित गरेको तथा आफ्नो राष्ट्रिय मुद्रामा तीन टाउको भएको सिंह राखेको आदि समेतलाई दृष्टिगत गर्दा बुद्ध जन्मेको देशका नागरिक हामीले यस पटक केही न केही गर्ने पर्ने देखिन्छ। स्वागत समारोहको अन्तरक्रियामा यस्ता धेरै विषयहरु अभिव्यक्त गरिए र विश्वको एक शिखर धरोहरका रुपमा प्रतिष्ठापित बुद्धलाई धर्म जात जातिको साँगुरो घेरावाट हेर्न नहुने कुरामा पनि प्रकाश पारियो।

संविधान सभाका टोली सदश्य एवं वरिष्ट अधिवक्ता राधेश्याम अधिकारीले प्रस्तुत सुझाव प्रस्तावहरु सम-सामयिक महत्वको भएका र तिनीहरुलाई संविधानमा उल्लेख गरिएमा देश र देशवासीको प्रतिष्ठा बढ्ने महशूस भएकाले तिनीहरुलाई इमान्दारितापूर्व संविधान सभामा लैजान सक्ने तर यसै हुन्छ भनेर यहाँ यसै स्थलमा प्रतिवद्धता व्यक्त गर्न नसकिने विचार व्यक्त गर्नु भयो। उहाले संबन्धित पक्षले त्यसको लागि अझ व्यापक प्रचार गरी लविङ गर्नुपर्नेमा जोड दिनुभयो।

समारोहमा सभासद्‌हरु इन्द्रवहादुर गुरुङ, चन्द्रबहादुर गुरुङ, शरदसिंह भण्डारी, र सुनदेव जोशी लगायतका सबैले सकारात्मक विचार व्यक्त गर्नुभएको थियो।

युवा बौद्ध संघका अध्यक्ष विनोद शाक्यको सभापतित्वमा भएको कार्यक्रममा कृष्णमान गुभाजू, अम्बर तुलाचन, पूर्णबहादुर हेल्मो, खिमन पुन, अञ्जली जोशी, प्रदीप वज्राचार्य लगायतले आ-आफ्नो सुझावहरु व्यक्त गर्नुभएको थियो। समारोहमा विभिन्न बौद्ध संस्थाहरुले पनि आ-आन्रा लिखित सुझावहरु वुझाएका थिए।

# भिक्षु ज्ञानपूर्णिक महास्थविरको उपसम्पंन्न स्वर्ण दिवस महत्वपूर्ण कार्यक्रमका साथ संपन्न

काठमाडौं

नेपालमा वुद्ध धर्मको क्षेत्रमा समर्पित व्यक्तित्व भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसंपन्न भएको ५० वर्ष पुगेको सुखद उपलक्ष्यमा यहा सप्ताहव्यापी विभिन्न कार्यक्रमहरुको आयोजना गरी भव्यरुपले संपन्न गरियो। सो आयोजनाको लागि काठमाडौमा १०१ जनाको "भिक्षु ज्ञानपूर्णिक उपसंपन्न स्वर्ण दिवस समारोह समिति" गठन गरिएको थियो। समितिले २३ गते देखि ३० गते सम्म महत्वपूर्ण कार्यक्रमहरुको आयोजना गरेको थियो।

त्यसरी आयोजित कार्यक्रममा सुझायन पुस्तक, शान्ति सन्देश स्मारिका, भन्तेका जीवनीमा आधारित रंगिन सचित्र पुस्तकहरुको विमोचन, वौद्ध गोष्ठी, अस्थायी प्रवज्या परियत्ति सन्निपात भेला, धार्मिक प्रवचन, अभिनन्दन समारोह आदि प्रमुख थिए। धार्मिक प्रवचन मध्ये पनि म्यानमारका भिक्षु सया दो ड. शासन भिवंश महाथेरो र श्रीलंकाका राजकीय धार्मिक सल्लाहकार, त्रिपिटक विशारद, सद्धर्मकीर्ति, प्रकाण्ड विद्वान भिक्षुको टुगोवद धम्मावास महाथेरोहरुको धर्मदेशना अविस्मरणीय थिए।

अभिनन्दन समारोहमा राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा संपन्न भएको थियो। कार्यक्रममा म्यानमार, श्रीलंका, थाइलैण्ड, जापान, मलेसिया, सिंगापुर लगायतका वरिष्ठ विद्वान महास्थविर भिक्षुहरुको प्रवचन, धर्मदेशना उल्लेखनीय थियो। कार्यक्रममा तानसेन, बुटवल, पोखरा लगायत विभिन्न जिल्लावाट उपासक उपासिकाहरु उत्साह साथ सरिक भएका थिए। सप्ताह व्यापी कार्यक्रमहरु सपन्न गर्न यार उन आयोजकहरुले अथक प्रयास गरेका स्मरणीय छ।

"नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

# नेपालमा दिगो शान्तिकालागि बौद्ध प्रयास विषयक पशिचमाञ्चल क्षेत्र स्तरीय गोष्ठी प्रतिवेंदन

- प्रतिवेंदक: प्रदिप वज्राचार्य
अञ्जली जोशी

परिचय:

मिति २०६५ पौष ११ र १२ गते धर्मशीला वुद्ध विहार स्थित युवा बौद्ध संघ, पोखरा, बौद्ध अर्घौ सदन पोखरा र धर्मोदय सभा कास्कीको संयुक्त आयोजनामा "नेपालमा दिगो शान्तिकालागि बौद्ध प्रयास" विषयक दुई दिने पश्चिमाञ्चल क्षेत्र स्तरीय गोष्ठी सम्पन्न भयो ।

विशिष्ट अतिथिद्वय श्रद्वेय भिक्षु मैत्री महास्थविर ज्यू तथा श्रद्वेय भिक्षु आचार्य ङवाङ वोसेर लामाज्यूले संयुक्त रुपमा दीप व्रज्वलन गरी समुद्घाटन गरिएको यस गोष्ठीमा विश्व शान्तिका लागि एक जोडी परेवा उडाउनुका साथै मंगल पाठ गरिएको थियो । प्रमुख अतिथिको रुपमा आमन्त्रित विशिष्ट व्यक्तित्व श्रद्वेय लामा साङपा रिम्पोछेज्यूले आफ्नो उपस्थितिको असमर्थता व्यक्त गर्दै गोष्ठीको सफलताको लागि शुभकामना पत्र प्रेषित गर्नुभएको थियो ।

स्थानिय बौद्ध अर्घौ सदन रामघाट पोखरामा आयोजित यस गोष्ठीमा धर्मशीला विद्वत वृत्तिबाट सम्मानित व्यक्तित्वहरु श्रद्वेय भिक्षु मैत्री महास्थविर, श्रद्वेय भिक्षु कोण्डन्य, वर्तमान संविधान सभाका सभासद् श्रद्वेय भिक्षु आनन्द श्रद्वेय आचार्य गुरु ङवाङ वोसेर लामा, सुधम्मा स्मृति पुरस्कारवाट सम्मानित व्यक्तित्व बौद्ध विद्वान तथा सह-प्राध्यापक छत्रराज शाक्य, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशवमान शाक्य, केन्द्रीय धर्मोदय सभाका विशिष्ट सल्लाहकार ओमकारप्रसाद गौचन, लुम्बिनी विकास कोषका सचिव श्रद्वेय आचार्य लामा कर्म साङ्पो, वर्तमान संविधान सभाका सभासद् तथा केन्द्रीय धर्मोदय सभाका भू.पू. अध्यक्ष इन्द्रवहादुर गुरुङ, युवक बौद्ध मण्डल ललितपुर का अध्यक्ष तथा WBYF का अन्तराष्ट्रिय सह-कोषाध्यक्ष सानुराजा शाक्य, बौद्ध विद्वान तथा कानून विज्ञ सहप्राध्यापक शोभा शाक्य, सविता धाख्वा, ज्योति भट्टचन ज्यूहरुको विशिष्ट योगदान तथा सहभागिता रहेको छ। साथै पश्चिमाञ्चल क्षेत्रका कास्की, स्याङ्जा, लमजुङ, रुपन्देही, पाल्पा, गुल्मी, नवलपरासी, म्याग्दी, वाग्लुङ लगायत काठमाडौं ललितपुर, शंखुवासभा, दोलखावाट समेत विभिन्न बौद्ध संघसंस्थाका पुरुष ९१ जना र महिला २४ गरी १५५ जनाको सक्रिय सहभागिता रहेको छ ।

गत २०६५ असार १४ गते शनिवारका दिन युवा बौद्ध संघ पोखराले बौद्ध जागरण अभियानको रुपमा आयोजना गरेको "संविधान सभामा बौद्धहरुको प्रस्ताव" विषयक एक दिने स्थानीय स्तरको कार्यशाला गोष्ठीद्वारा पारित १० बुँदे "पोखरा शान्ति प्रस्ताव" को परिमार्जित स्वरुपनै आजको यस "नेपालमा दिगो शान्तिकालागि बौद्ध प्रयास विषयक पश्चिमाञ्चल क्षेत्र स्तरीय कार्यशाला गोष्ठी सफलताका साथ सम्पन्न हुन सफल भएको छ ।

उद्देश्य:

नयाँ नेपाल निर्माणको क्रममा एक जुगमा एक दिन एक पटक मात्र आउने स्वर्णिम अवसरमा बनाइन लागेको राष्ट्को सर्वोच्च कानूनी दस्तावेज "संविधान"मा समस्त नेपाली बौद्ध धर्मावलम्वी आदिवासी, जनजाति तथा समुदायको भावना, हक र अधिकारलाई सदाको लागि सुनिश्चित गर्न स्थानिय, क्षेत्रीय र राष्ट्रिय स्तर

मा नै गोष्ठीहरु आयोजना गरी पोखराबाट शुरुवात गरिएको "बौद्ध जागरण अभियान" को माध्यमबाट सटिक निष्कर्ष निकालेर ठोस सुझाव संविधान सभामा उल्लेख गर्न समस्त बौद्धहरुले संस्थागत दवाव दिनु यस गोष्ठीको मूल उद्देश्य रहेको छ ।

पृष्ठभूमि:

उद्घाटन सत्र, वन्द सत्र र समूह छलफल गरी तीन चरणमा विभाजित कार्यक्रममा "संविधान सभामा बौद्ध प्रस्ताव", "बौद्ध संघ संस्थाहरुको भूमिका" र "नेपालमा बुद्ध धर्मको प्रचार-प्रसार" गरी तीनवटा विषयमा केन्द्रित रही बौद्ध विद्वानहरुद्वारा तयार पारिएको कार्यपत्र उपर टिप्पणीकार र सहभागीहरु बीच प्रश्नोत्तर शैलीमा गहन छलफल गरिएको थियो ।

यस गोष्ठीको मूल उद्देश्य अनुरुप "संविधान सभामा बौद्धहरुको प्रस्ताव" विषयलाई विशेष प्राथमिकता दिई तीनवटा समूहमा विभाजन भई विशेष छलफल गरिएको थियो । दुई दिने यस छलफल कार्यक्रममा तपशिल बमोजिमका मुद्दाहरु टड्कारो रुपमा उठाइएका थिए ।

मुद्दा नं. १: देशको राज्यसत्ताबाटै सनातन देखि चलिआएको प्रथा भन्दै धर्मावलम्बीहरुलाई अवलम्वन गरिएका भेदभावपूर्ण नीतिका कारण बौद्ध धर्म सधैं ओझेलमा परेको ।

मुद्दा नं. २: राज्यको नीति निर्माण तहमा बौद्धहरुको पहुँच पुग्न नसक्नु, बौद्धहरु आफैले आफूलाई स्वपहिचान गर्न नसक्नु, जसको कारण जनगणनाको तथ्याङ्कमा बौद्धहरुले पनि हिन्दू लेखाई दिंदा बौद्धको संख्या कम देखिनु ।

मुद्दा नं. ३: थेरवाद, बज्रयानी, महायानी, विभिन्न बौद्ध सम्प्रदाय लगायत थुप्रै राष्ट्रिय संघसंस्थाहरु भएता पनि एकिकृत र संस्थागत हुन नसक्नु ।

मुद्दा नं. ४: बौद्ध धर्म मैत्री, करुणा र प्रज्ञाको पाठ सिकाउने, प्रकृति र सत्यमा आधारित विज्ञान सम्मत् शिक्षा भएपनि आधुनिक समाजको मागअनुसार नयाँ सोच र नयाँ ढंगले आममानिसमा सामाजिक र आर्थिक प्रभाव पार्ने कार्यक्रमहरु ल्याउन नसक्नु ।

मुद्दा नं. ५: नेपालमा धर्मनिरपेक्षताको लागि बौद्धहरुले गहन भूमिका निभाएको भएतापनि आगामी बन्ने वास्तविक युगान्तकारी संविधानमा बौद्धहरुको आवाज पुऱ्याउन केन्द्रीय स्तरका सबै संघसंस्था तथा निकायहरुले चासो नदेखाउनु ।

मुद्दा नं. ६: धर्मोदय सभा, लुम्बिनी विकास कोष जस्ता आधिकारिक बौद्ध संघसंस्थाहरुले समन्वय तथा नेतृत्व गर्न नसक्नु ।

माथि उल्लेखित मुद्दाहरुमा छलफल गरी आगामी वन्ने संविधानमा उल्लेख गर्नुपर्ने बुँदाहरु तपशिलमा लेखिए बमोजिम पोखरा घोषणा पत्र जारी गर्ने निष्कर्ष निकालियो ।

---

**(नेपाल लामा संघद्वारा.....)**

५) गाउँ घरमा रहेका गुम्बाहरु पर्यटकीय क्षेत्र हुन । तिनीहरुको जीर्णोद्धार, संरक्षण र सम्वर्द्धनमा सरकारले उचित सहयोग पुऱ्याउनु पर्दछ ।

६) गुम्बाहरुमा प्रयोग हुने विजुली, पानी र टेलिफोनहरु एक किसिमले सार्वजनिक भएर रहेका छन् । ती सबैले प्रयोग गर्ने गर्दछन् । त्यस्तो विजुली पानी र टेलिफोन आदि निःशुल्क गरिदिनु पर्दछ ।

७) नेपाल विश्वमा बुद्ध जन्मेको देश, बुद्धको देश र बौद्ध देश भनेर चिनिन्छ । नेपाल र नेपालीसँग बुद्ध मार्गको आत्मीयता जोडिएको छ, भावनात्मकता गासिएको र राष्ट्रियता टाँसिएको छ । विश्वमा बुद्ध मार्गको जति प्रचार प्रसार बढ्छ । उति नेपाल र नेपालीको शान र मान पनि बढ्छ । यो यथार्थतालाई मनन गरेर संविधान सभाद्वारा निर्माण गरिने हाम्रो नेपाल राम्रो नेपालको संविधानमा भगवान बुद्धलाई कुनै न कुनै स्थान दिनु पर्दछ भन्ने हाम्रो जोरदार माग रहेको छ ।

# आर्थिक उप-समितिको प्रतिवेदन

-कृष्णमान गुभाजू

धर्मशीला वुद्ध विहार स्थित युवा बौद्ध संघ, पोखरा, बौद्ध अर्घौ सदन पोखरा र धर्मोदय सभा कास्कीको संयुक्त आयोजनामा २०६५ पुस ११ र १२ गते बौद्ध अर्घौ सदनमा सम्पन्न "नेपालमा दिगो शान्तिका लागि बौद्ध प्रयास" विषयक पश्चिमाञ्चल क्षेत्र स्तरीय गोष्ठी सफल बनाउन गठित मूल आयोजक समिति, कार्य सम्पादन समिति र विभिन्न नौ वटा उपसमिति मध्ये आर्थिक उपसमितिको संयोजक एवं सम्पादन समितिको सदस्यको हैसियतले काम गर्दा सघाउ पुऱ्याउनु हुने उपसमितिका सदस्यहरु एवं सम्पादन समितिको सदस्यको हैसियतले काम गर्ने अवसर दिनु भएकोमा कृतज्ञता व्यक्त गर्दछु ।

आर्थिक उपसमितिको संयोजक भई काम गर्दा सघाउ पुऱ्याउनु हुने उपसमितिका सदस्यहरु एवं मूल समिति कार्य सम्पादन समिति र अन्य उपसमितिका संयोजक सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस उप समितिले छोटो समयमा कार्य सम्पादन गर्नुपर्ने भएकोले धेरै औपचारिकता पुरा गर्नु भन्दा सहमति, सल्लाह बमोजिम भोजन सौजन्य, जलपान सौजन्य र नगदी रसिद मार्फत आर्थिक सहयोग जुटाउने कार्य गऱ्यो ।

गोष्ठीको बजेट तयार गर्दा कूल खर्च १९३९००/- अनुमानित गरिएकोमा केही खर्चहरु सोजन्य स्वरुप प्राप्त भएको र केही खर्च गर्न बाँकी रहेको (पुस्तक प्रकाशन) ले हाल सम्मको जम्मा नगद रु. १३०१५७/- (एक लाख तीस हजार एक सय सन्तावन्न) र कूल आम्दानी रु. २२२९८९/- (दुई लाख बाईस हजार नौ सय उनानब्वे) भई जम्मा रु. ९२८३२/- (बयानब्वे हजार आठसय बत्तिस) बचत रहेको जानकारी गराउन चाहन्छु ।

यस गोष्ठीलाई सफल पार्न महत्वपूर्ण सहयोग गर्ने भोजन दाता, जलपान दाता र नगद सहयोग गर्ने दाताहरु सबैलाई कृतज्ञ प्रकट गर्दछु ।

<u>सौजन्यता प्रदान गर्ने दाताहरुः</u>

क) भोजन दाता :

१. ललित मण्डप वेलफेयर सोसाइटी -ललितपुर
२. थकाली सेवा समिति -नदीपुर,पोखरा
३. अल्मोण्डस क्याफे -चिप्लेढुङ्गा/लेकसाइड पोखरा
४. कर्मसिद्ध परम्परा धर्मचक्र दीपस्य विहार-माटेपानी, पोखरा
५. विश्व शान्ति स्तूप समिति -अनदु, पुम्दी-भूम्दी, पोखरा
६. धर्मोदय सभा, कास्की - पोखरा
७. बौद्ध अर्घौ सदन -रामघाट, पोखरा
८. धर्मशीला बुद्ध विहार -नदीपुर, पोखरा

ख) जलपान दाताः

१. सद्धर्म सभा, धर्मसंघ बुद्ध विहार -मोहरिया टोल, पोखरा
२. विश्व शाक्य -न्यूरोड
३. झयाङछुप छोलिङ गुम्बा -हेम्जा
४. पोखरा जापानिज भाषा तथा साँस्कृतिक केन्द्र -बिरौटा, पोखरा
५. श्री बुद्ध धर्म शान्ति सेवा समिति -संगम टोल, पोखरा
६. इच्छाशक्ति अटोमोवाइल्स -नयाँबजार, पोखरा
७. फूलवारी तमू समाज -फूलवारी, पोखरा
८. कृस कन्चन ज्वेलरी -मोहरिया टोल, पोखरा

९. नेपाल सुन चाँदी व्यवसायी संघ, पोखरा शाखा
१०. बगाले टोल तमू समाज -बगालेटोल, पोखरा
११. सुखवती बौद्ध गुम्बा -गाइघाट, पोखरा
१२. संगम तमू समाज -रामबजार, पोखरा

ग) अन्य दाता:
१. फाइल पेन्सील -दी स्टेशनरी स्टोर्स, पालिखेचोक, पोखरा
२. मैनबत्ति -राजेशमान बुद्धाचार्य, मोहरिया टोल, पोखरा
३. आवास (२ कोठा) -न्यू होटल कृष्टल, नागढुङ्गा, पोखरा
४. भिडियो ग्राफी -सन्देश उदास, सन्देश फोटो, नदीपुर

आम्दानी खर्चको विवरण

क) आम्दानी:
१. भोजन सौजन्य ८वटा X १५००० =१२००००/-
२. जलपान सौजन्य १२वटा X ५००० =६००००/-
३. नगद सहयोग (फुटकर) =४२९८९/-
जम्मा =२२२९८९/-
(जिन्सी र अन्य सहयोग रकममा उल्लेख नगरिएको)

ख) खर्च:
१) भोजन उपसमिति भोजन ६३० X १०० =६७७७५/-
टेण्ट/बार =४७७५/-
२) प्रचार-प्रसार उपसमिति =२८५७/-
३) यातायात उपसमिति =२१३००/-
४) सचिवालय =२४९३०/-
५) आवास =७४७५/-
६) कर्मचारी तलब (रवि कहार) =२०००/-
७) फोटो (सन्देश फोटो) =३५००/-
८) अन्य (परेवा, टोकरी) =३२०/-
जम्मा =१३०१५७/-
(सौजन्य वापत प्राप्त जिन्सी र अन्य सहयोग रकममा उल्लेख नगरिएको)
खर्च भन्दा आम्दानी बढि भई बचत =९२८३२/-
जम्मा =२२२९८९/-

भवतु सब्ब मंगल !
२०६५ फागुन २६ गते

# नेपालमा दिगोशान्ति स्थापनाकालागि गोष्ठी

पोखरा । "नेपालमा दिगो शान्ति स्थापनाका लागि बौद्ध प्रयास" विषयक दुइदिने पश्चिमाञ्चल क्षेत्र स्तरको गोष्ठी पुस ११ र १२ गते पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम पोखराको बौद्ध अर्घौ सदनमा संपन्न हुन गैरहेको छ ।

धर्मशीला बुद्ध विहार स्थित युवा बौद्ध संघ, बौद्ध अर्घौ सदन र धर्मोदय सभा कास्कीको संयुक्त आयोजनामा हुन गैरहेको सो गोष्ठीको उद्घाटन धर्मोदयसभाका पूर्व केन्द्रीय अध्यक्ष श्रद्धेय लामा साङपा रिम्पोछेबाट हुने कार्यक्रम छ। कार्यक्रममा तीन वटा कार्यपत्र पेश गरिने भएको छ । ती मध्ये भिक्षु कोण्डन्यबाट संविधान सभामा बौद्ध प्रस्ताव, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशवमान शाक्यबाट बौद्ध संघ संस्थाहरुको सक्रियता: आजको आवश्यकता तथा लुम्बिनी विकास कोषका सदश्य-सचिव लामा कर्म स्याम्पो शेर्पाबाट बौद्ध प्रचार प्रसार संबन्धमा कार्यपत्र प्रस्तुत गर्नु हुने कार्यक्रम छ ।

दुइ दिन सम्म संचालन हुने कार्यक्रममा पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरुका धर्मोदय सभाका शाखाहरु, बौद्ध विहार, गुम्बा र अन्य बौद्ध संघ संस्थाका गरी १५० जनाको सहभागीता र हने वताइएको छ। काठमाण्डौंका बौद्ध संघ संस्थाका पदाधिकारीहरुलाई पनि कार्यक्रममा आमन्त्रण गरि एको छ ।

कार्यक्रम सफल पार्नका लागि ११५ जनाको मूल आयोजक समिति गठन गरिएको छ । मूल आयोजक समितिमा युवा बौद्ध संघका सभापति विनोद शाक्य संयोजक र बौद्ध अर्घौ सदनका अध्यक्ष [illegible] वहादुर गुरुङ र धर्मोदयसभा कास्कीका [illegible] वज्राचार्य सह-सयोजक हुनुहुन्छ ।

गोष्ठीले नेपालमा दिगो शान्ति [illegible] लागि बौद्धहरुले खेल्नुपर्ने भूमिका [illegible] विचार-विमर्श गरी [illegible] गर्ने अपेक्षा गरिएको छ ।

## कार्य सम्पादन समिति

संयोजक : विनोद शाक्य
सह-संयोजक : सुवर्ण वज्राचार्य
: वीरवहादुर गुरुङ
सदस्यहरु : तिलकमान गुभाजू
: प्रकाशमान गुभाजू
: कृष्णमान गुभाजू
: शंकर गुरुङ
: उत्तममान वुद्धाचार्य
: विक्रम बुद्धाचार्य

## आर्थिक उपसमिति

संयोजक : कृष्णमान गुभाजू
सदस्यहरु : धमन वहादुर गुरुङ्ग
: सरोज रत्न शाक्य
: विकाश रत्न शाक्य
: सु. खिम वहादुर गुरुङ्ग
: सोभितमान वुद्धाचार्य
: क्या. भुवन सिं गुरुङ्ग
: श्याम शाक्य
: रुद्र घले

## आवास उपसमिति

संयोजक : बिक्रम उदास

सदस्यहरु : अजित शेरचन

: क्या. मन बहादुर गुरुङ्ग

: बसन्त थकाली

: मनमुक्त तुलाचन

: अम्मर तुलाचन

: सुनिल उदास

: अनुप बज्राचार्य

## स्वयम् सेवक एवम् मञ्च व्यवस्था उपसमिति

संयोजक : रञ्जन बुद्धाचार्यः

सदस्यहरु : तेजेन्द्र शाक्य

: पदमबहादुर गुरुङ्ग

: सु.मे. चेतबहादुर गुरुङ्ग

: क्या. चेतबहादुर गुरुङ्ग

: निलकण्ठ उदास

: सुसन पौडेल

## कार्यालय व्यवस्थापन उपसमिति

संयोजक : चेतनसिंह ताङ्बे

सदस्यहरु : बिक्रम बुद्धाचार्य

: अञ्जली जोशी

: प्रकाश उदास

: राजेश शाक्य

## प्रचार/प्रसार उपसमितिः

संयोजक : बिक्रम बुद्धाचार्य

सदस्यहरु : चिजमान शाक्य

: सुरज श्रेष्ठ

: गोविन्द ताम्राकार

## भोजन व्यवस्था उपसमिति

संयोजक : प्रकाशमान उदास

सदस्यहरु : नारायण सिंह गुरुङ्ग

: सु. कर्ण बहादुर गुरुङ्ग

: इन्द्र प्रसाद द्वा

: विमल उदास

: चन्द्रलक्ष्मी गुभाजू

: दयाराम अधिकारी

: उमरध्वज गुरुङ्ग

: सुरेन्द्र पालिखे

: श्रीमती बिमला बुद्धाचार्य

: भरत राज शाक्य

: बृजमान ताम्राकार

## यातायात उपसमिति

संयोजक : रवि उदास

सदस्यहरु : मनोज जंग राणा

: जितेन्द्र बाटाजू

: रविन्द्र बज्राचार्य

## स्वागत उपसमिति

संयोजक : उत्तममान बुद्धाचार्य

सदस्यहरु : तिलकमान गुभाजू

: बीरबहादुर गुरुङ

: सुवर्ण बज्राचार्य

## रजिस्ट्रेशन उपसमिति

संयोजक : राजकुमारी गुरुङ्ग

सदस्यहरु : गीता नेपाली

: जुना गुरुङ्ग

: राधिका अधिकारी